महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७७

चैनपुर नगरपालिका
संखुवासभा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(प्रदेश नं १ र प्रदेश नं २)

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७६/०७७
च.नं. ५४६

मितिः २०७७।०३।३१

श्री नगर प्रमूखज्यू,
चैनपुर नगरपालिका,
संखुवासभा ।

विषयः लेखापरीक्षण प्रतिवेदन

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन। त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो। लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ आषाढ २४ गते।

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(प्रदेश नं २)

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७६/०७७
च.नं. ५४६

मितिः २०७७०३।३१

श्री नगर प्रमूखज्यू,
चैनपुर नगरपालिका,
संखुवासभा ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले चैनपुर नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.६ करोड ७८ लाख ५३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९१ लाख ९३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७० लाख १७ हजार, नियमित गर्नुपर्ने रु.१ करोड, ८४ लाख ८१ हजार र पेश्की बाँकी रु.३ करोड, ३१ लाख ६२ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/०६/०७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना अट्तीस (३८) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

....
विन्दु विष्ट
नायब महालेखापरीक्षक

चैनपुर नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५/०७६

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । १ नं. प्रदेशमा अवस्थित यस नगरपालिका अर्न्तगत ११ वडा, ५९ सभा सदस्य रहेका छन् । २२३.६९ व.की.मी.क्षेत्रफल ओगटेको यस पालिकाको जनसंख्या २८,०७४ रहेको छ ।

स्थानीय सञ्चित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम चैनपुर नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१.	**गत वर्षको जिम्मेवारी**		१	वित्तीय समानिकरण अनुदान	१९४३९११०४.७३
१.१	नगद		२	संघिय सर्शत अनुदान	१६४८१९२३४.००
१.२	वैंक	४६८१३८०६.५४	३	प्रदेश सर्शत अनुदान	११७८६८०९.००
२.	आन्तरिक राजश्व	१२५०३४१२.००	४	निर्वाचन क्षेत्र विकास कोष (संघ)	११९७१७३२.००
३.	मालपोत रजिष्ट्रेशन (चैनपुर)	२५०६४९४.००	५	निर्वाचन क्षेत्र विकास कोष (प्रदेश)	६९७०५८३.००
४.	संघिय वित्तीय समानिकरण अनुदान	१५४३०००००.००	६	जेष्ठ नागरीक दिर्घ सेवा सम्मान (सा.सु.)	४४२८४८००.००
५.	प्रदेश वित्तीय समानिकरण अनुदान	३५७७०००.००	७	LGCDEP	१८७५००.००
६.	संघिय राजश्व बाँडफाँड	५९४४०६४१.३४	८	पर्यटन संस्कृति	४९९८१५९.००
७.	प्रदेश राजश्व बाँडफाँड	५८५८२४१.१५	९	सडक वोर्ड	२८६९५७१.००
८.	संघिय सर्शत अनुदान	१६४८१९२३४.००	१०	प्रधानमन्त्री रोजगार कार्यक्रम	३५७६७७७.००
९.	प्रदेश सर्शत अनुदान	१५००००००.००	११	धरौटी फिर्ता	८०९७०९.००
१०.	निर्वाचन क्षेत्र विकास कोष (संघ)	१२००००००.००	१२	**अर्थ बजेट**	०
११.	निर्वाचन क्षेत्र विकास कोष (प्रदेश)	७००००००.००	१२.१	औषधि उपचार	५७०३२६.००
१२.	जेष्ठ नागरीक दिर्घ सम्मान (सा.सु.)	४४२८४८००.००	१२.२	संचित विदा	३५८९६३.००
१३.	LGCDEP	१८७५००.००	१३	**मौज्दात**	
१४.	पर्यटन संस्कृति	५००००००.००	१३.१	वैंक मौज्दात	९३९८९४९१.३०
१५.	सडक वोर्ड	२९७७८५५.००	१३.२	धरौटी मौज्दात	१५३४२८७.८६
१६.	प्रधानमन्त्री रोजगार कार्यक्रम	३५७६७७७.००			
१७.	धरौटी	२३४३९९६.८६			
१८.	**अर्थ बजेट**				
१८.१	औषधि उपचार	५७०३२६.००			
१८.२	संचित विदा	३५८९६३.००			
	जम्मा	**५४३११९०४६.८९**		**जम्मा**	**५४३११९०४६.८९**

बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री चैनपुर नगरपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५/०७६		
दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
१.	**बजेट पेश गर्ने तथा पारित गर्ने -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर नगरसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण २०७५।०४।३२ गते मात्र स्वीकृत गरेको छ । अगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्न व्यवस्था गर्ने तर्फ ध्यान दिन पर्ने देखिन्छ । यो वर्ष सरोकारवाला समेतको सभाले देहाय वमोजिमको आय तथा व्ययको अनुमान पेश गरेको छ : ● पूँजीगत तर्फ नगरपालिकाले यो वर्ष अन्तर्गतका ११ वटा वडामा कुल २९९ योजनामा रु. ६ करोड ३३ लाख बजेट छुट्याएको र नगरपालिकास्तरीय योजनातर्फ नयाँ योजना नय नगरि गत आ.व. २०७४।०७५ मा सम्पन्न नभएका १७ योजनालाई मात्र निरन्तरता दिँदै रु.१० करोड ८१ लाख ९४ हजार छुट्याएको छ । ● सशर्त अनुदानमा स्वास्थ्य, शिक्षा, कृषि र पशु विकासको लागि प्राप्त भएको रु.१७ करोड, १७ लाख सोहि शीर्षकमा खर्च हुने गरी व्ययको अनुमान स्वीकृत गरेको छ । ● समग्रमा नगरपालिकाले रु.५० करोड, १० लाख, १० हजारको आय-व्ययको अनुमान गरेको देखिन्छ ।	
२.	**खर्च गर्ने अख्तियारी र कार्यविधि -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को आय-व्ययको प्रक्षेपण २०७५।०४।०१ मा सभाबाट स्वीकृत भएको र सोहि दिन प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलव्ध गराई खर्च गरेको देखियो । यसलाई आगामि दिनमा समेत निरन्तरता दिनुपर्दछ ।	
३.	**गत वर्षको घटि जिम्मेवारीः** नगरपालिकाले गत वर्षको रु.४,८५,०१,४८१.९८ शुरु मौज्दात सार्नुपर्नेमा रु. ४,६८,१३,८०६.५४ सारेकोले घटि रु.१६,८७,६७५।४४ जिम्मेवारी सारेको रकम कारण खुलाई एकिन गर्नुपर्ने रु.	१६८७६७५.४४
४.	**अन्तिम मौजदात** : नगरपालिकाको २०७६ असार मसान्तको श्रेस्ता अनुसार रु.९,३९,८९,४९१.३० र बैंक अनुसार रु.९,३९,५९,६८७.३० रहेको देखिएकोले घटी रु.२९,८०४.०० छानबिन गरी आवश्यक कारवाही गर्नुपर्दछ ।	२९,८०४.००
५.	**आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययीता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरेको छैन । नगरपालिकाद्वारा सञ्चालित कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गरी उत्तम नतिजा हासिल गर्न तत्काल आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइनुपर्ने देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् । ● नगरपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । ● उपभोक्ता समिति एवं कार्यालयले गरेको खर्चको श्रेस्तासँग भिडान हुने विलको सट्टा भर्पाईको आधारमा मात्र खर्च लेखेको छ । ● आर्थिक कारोबारहरु मूल्य अभिवृद्धि कर दर्ता बेगरका फर्मसँग समेत गरेको र सोही अनुसार भुक्तानी दिएको छ ।	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	● नगरपालिका क्षेत्र भित्र कोष प्रमाणित बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको छ । ● अधिकतम् लाभ र प्रतिफल प्राप्त हुने गरी योजनाको प्राथमिकीकरण र संचालनमा पर्याप्त ध्यान दिएको छैन । ● दरबन्दी अनुसार पदपूर्ती नहुँदा सेवा प्रवाहमा नकारात्मक असर परेको । ● वार्षिक खरिद योजना तथा खरिद गुरु योजना तयार गरि खरिद गर्नुपर्नेमा सो गरेको देखिएन । ● सवारी साधन मर्मत अभिलेख म.ले.प. फाराम नं.२ राखेको पाइएन । ● आलेप प्रतिवेदन कार्यान्वयन एवं वेरुजु फछ्र्यौट नभएको अवस्था छ । ● कार्यालयको उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको अवस्था छ । तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई योजना तथा कार्यक्रम संचालनमा मितव्ययीता अपनाउँदै सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रीत गर्नुपर्ने देखिन्छ ।	
६.	**सेवा प्रवाहको स्थिति** : नगरपालिकाले यस वर्ष सम्पादन गरेको सेवा प्रवाहको स्थिती झल्कने गरी प्रगति विवरण तयार गरी पेश नगरेकोले सम्पादित सेवाको वास्तविक विवरण प्राप्त गर्न सकिएन । लेखापरीक्षणको क्रममा कार्यालयबाट प्राप्त जानकारी अनुसार यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवा प्रवाह भएको देखिन्छ :	

सि.नं.	विवरण	जम्मा
	पञ्जिकरणतर्फ	
१	जन्म दर्ता	१०५३
२	मृत्यू दर्ता	१४६
३	बसाईंसराईं दर्ता	२५९
४	बिबाह दर्ता	१८३
५	सम्बन्धविच्छेद दर्ता	५
	अन्य सिफारिस	
६	घरबाटो सिफारिस	विवरण उपलब्ध नभएको
७	नागरीकता सिफारिस	
८	अन्य सिफारीस	
	पूर्वाधार विकास सडक निर्माण	
९	सडक पिसिसि ढलान तथा नाला निर्माण (मि.)	११६५
१०	सडक मर्मत सम्भार (कि.मि.)	१५
११	नयाँ ट्र्याक खोलिएको (कि.मि)	१००

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
७.	**कानुन निर्माण र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अर्न्तगत यो वर्ष नगरपालिकाले तर्जुमा गरेका निम्न कानुनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् :	

सि.नं.	कानुनको नाम
१	अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५
२	चैनपुर नगरपालिकको सहकारी ऐन, २०७५
३	आधारभुत तथा माध्यामिक शिक्षा संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५
४	चैनपुर नगरपालिकाको विनियोजन ऐन, २०७५
५	चैनपुर नगरपालिकाको आर्थिक ऐन, २०७५
६	चैनपुर नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५
७	चैनपुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७५
८	घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५
९	चैनपुर नगरपालिकाको विपद् व्यवस्थापन ऐन, २०७५
१०	चैनपुर नगरपालिकाको विपद व्यवस्थापन कोष (संचालन) कार्यविधि, २०७५

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम

११	चैनपुर नगरपालिकाको आपतकालिन कार्य संचालन केन्द्र कार्य संचालन विधि, २०७५

८. **स्रोत अनुमान तथा बजेट सीमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याइए तापनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

९. निर्माण कार्यको लागत अनुमान गर्दा दर रेट विश्लेषण गरेर मात्र भूक्तानी गर्नु पर्दछ । यो वर्ष यस पालीकाले देहाय अनुसारको दरमा जिल्ला दरलाई आधारमानी ढुंगाको वर्गिकरणको आधार वेगर एवं दर विश्लेषण वेगर यो वर्ष निम्नानुसारका कार्यमा खर्च गरेको छ । यसरी प्राविधिकको स्वविवेकको आधारमा देहाय अनुसार रकम भूक्तानी भएको मनासिव नदेखिएको भनि विगत वर्षमा समेत उल्लेख गरेकोमा अध्यापि सुधार नभएकोले सम्पूर्ण निर्माण कार्यको लागत यथार्थ परक देखिएन ।

विवरण	**भूक्तानीको दर (प्रति घ.मि)**
नरम र कडा माटो कटिङ गर्ने कार्य	७०
नरम र मध्यम प्रकारको ढुङगा कटिङ गर्ने कार्य	१४०
कडा चट्टान कटिङ गर्ने कार्य	५७०
धेरै कडा चट्टान कटिङ गर्ने कार्य (चिजोलिङ)	१०००

१०. **वजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । नगरपालिकाले विनियोजन गरेको आय-व्यय अनुमानको स्थिति निम्नानुसार देखिएको छ :

\- रु. हजारमा

शीर्षक वाइज निकासा खर्चको स्थिति						**कैफियत**
सि. नं.	**कार्यक्रमको नाम**	**वजेट**	**निकासा**	**खर्च**	**वाँकी**	
१.	समानीकरण अनुदान	१५४३००	१५४३००	१९४३९१	९०६०८	राजश्व वाँडफाँड, गत वर्षको जिम्मेवारी र आन्तरिक आम्दानी समेतको जम्मा खर्च तथा मौज्दात
२.	सशर्त अनुदान	१७१७००	१७९८१९	१७६६०६	३३८१	संघिय संचित कोष र प्रदेश संचित कोष फिर्ता दाखिला गर्नुपर्ने
३.	गत वर्षको मौज्दात र आन्तरिक आम्दानी	५२७००	६१८२४	०		
४.	सामाजिक सुरक्षा	५००००	४४२८४	४४२८४	०	
५.	राजश्व वाँडफाँड	७२३१०	६५२९९	०		-
	जम्मा	**५०१०१०**	**५०५५२६**	**४१५२८१**		

११. **वित्तीय प्रगतिको स्थिति:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका नगरस्तरीय तथा वडास्तरीय आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समयवीच तादाम्यता मिलाई वित्तीय र भौतिक प्रगति समेत देखिने गरि प्रगति विवरण तयार गर्नुपर्दछ ।

१२. **धेरै योजना संख्या:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आ.व. २०७५।७६ मा स्वीकृत गरी सञ्चालन

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम

गरेको अधिकांश योजना न्यून बजेट भएका र छरिएका देखिएको छ। योजनाको संख्या धेरै हुँदा कार्यालयको जनशक्ति वर्षैभरी योजना व्यवस्थापनमा लाग्नु पर्ने, योजना अनुगमन प्रभावकारी नहुने तथा प्रविधिक कर्मचारीलाई कार्यसम्पादनमा कठिनाई भई सञ्चालित कार्यको गुणस्तरमा समेत प्रभाव पर्ने देखिएको छ। यस सम्बन्धमा पालिकाको ध्यान जानुपर्ने देखिएको छ। नगरपालिकाबाट प्राप्त विवरण अनुसार देहाय वमोजिमको योजनाहरु संचालन गर्न बजेट विनियोजन गरिएको छ।

सि.नं.	विवरण	योजना संख्या
१	५० हजार सम्मको	५०
२	५० हजार देखि १ लाख सम्मका	७७
३	१ देखि २ लाख सम्मका	१६४
४	२ देखि ३ लाख सम्मका	२१
५	३ देखि ४ लाख सम्मका	३०
६	४ देखि ५ लाख सम्मका	०
७	५ देखि १० लाख सम्मका	२८
८	गत आ.व का बाँकी सहित १० लाख माथिका	६१
	कुल जम्मा	**४३१**

१३. **स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा नगरप्रोफाइल तयार गरेको छ तर त्यस्ता तथ्याङ्कलाई लक्षित योजना, कार्यक्रम सञ्चालन, अनुगमन, अनुदान वितरण जस्ता कृयाकलापमा समावेश गर्न नसकेको र अभिलेख स्पष्ट नभएको अवस्था छ। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ। तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले तथ्यांक एवं अभिलेख व्यवस्थापन गर्न ध्यान दिनु पर्दछ।

१४. **योजनागत लक्ष्य प्रगति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ। कार्यालयलाई प्राप्त अख्तियारीको सिमाभित्र रही वार्षिक लक्ष्य तथा कार्यक्रम बमोजिम प्रगति तयार गर्नुपर्दछ। लेखापरीक्षणमा उपलव्ध विवरण अनुसार नगरपालिकाले यस आ.व. मा वडास्तरियतर्फ २९९ योजना तथा नगरस्तरियतर्फ १३२ योजना समेत कुल ४३१ योजनामा रु.१३ करोड ३५ लाख ३५ हजार बजेट विनियोजन गरेकोमा सो मध्ये रु.६ करोड ३९ हजार बराबरको विभिन्न ४२५ योजना सम्पन्न गरेको छ भने रु.७ करोड ३४ लाख ९५ हजार बराबरका ६ योजनामा शुन्य प्रगति देखिएको छ। यसबाट ९८ प्रतिशत योजना सम्पन्न गरेको र २ प्रतिशत योजनामा कुनै काम हुननसकि प्रगति शुन्य रहेको देखिन्छ। आर्थिक वर्षको अन्त्यमा योजना सम्झौतागरी कार्य गर्ने प्रवृत्तीले समयमा कार्यसम्पन्न हुननसकेको अवस्था छ।

१५. **चौमासिक खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार वित्तीय समानिकरण अनुदान र सर्शत अनुदान लगायत अन्य शिर्षकमा प्रथम चौमासिकमा १९ प्रतिशत अर्थात रु. ८ करोड २३ लाख ९ हजार, दोस्रो चौमासिकमा २६ प्रतिशत अर्थात रु.११ करोड ८२ लाख ६५ हजार र तेश्रो चौमासिकमा ५५ प्रतिशत अर्थात रु.२४ करोड १५ लाख १८ हजार खर्च गरेको देखिएको छ। यसै गरी आषाढ महिनामा मात्र कुल खर्चको २० प्रतिशत अर्थात रु. ९ करोड ३ लाख ९ हजार खर्च भएकोमा वर्षको अन्तमा आएर खर्चको अत्याधिक चाप वढेको, चालु खर्चको सर्न्दभमा समान रुपमा कार्यालय सञ्चालन भैरहदा समेत असमान तरिकाले वर्षको अन्ततर्फ खर्च गरेको देखिएकोले सन्तुलित खर्च

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	व्यवस्थापन भएको देखिएन । कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ ।	

रु.हजारमा

कार्यक्रम	कुल खर्च	चौमासिक			आषाढको खर्च	खर्च प्रतिशत
		प्रथम	दोश्रो	तेश्रो		
वित्तिय समानिकरण	१९४३९१	१६२०७	६८०८८	११००९६	३९७४७	२०.४४
सर्शत	१७६६०६	४९४६४	५०१७७	७६९६५	२७४८५	१५.५७
संघिय निर्वाचन क्षेत्र विकास	११९७२	०	०	११९७२	२५९४	१००
प्रदेश निर्वाचन क्षेत्र विकास	६९७१	०	०	६९७१	३६८७	१००
पर्यटन संस्कृति	४९९८	०	०	४९९८	२४९८	१००
सडक वोर्ड	२८६९	२०८०	०	७८९	०	०
सामाजिक सुरक्षा	४४२८५	१४५५८	०	२९७२७	१४२९८	३२.२९
जम्मा खर्च	**४४२०९२**	**८२३०९**	**११८२६५**	**२४१५१८**	**९०३०९**	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
१६.	**कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित कर्मचारी दरवन्दी १११ रहेपनि स्थायी पदपूर्ति ७२ मात्र भई ३९ पद रिक्त रहेका छन । ति मध्ये ३४ जना करारमा राखि कार्य संचालन गरिएको छ । करारमा कर्मचारी राख्दा प्रतिस्पर्धा मार्फत नगरि निवेदन मार्फत समेत करारमा राखेकोले योग्यताको आधारमा छनौट गरि कार्यसञ्चालन हुन सकेको देखिएन अतः रिक्त पदहरु पदपुर्ति गर्ने तर्फ पहल गर्नुपर्ने देखिन्छ ।	
१७.	**एकीकृत विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय-व्ययको एकीकृत लेखा बनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकीकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोबार समेटेको छैन । विभिन्न समयमा महिला विकास, जि.स.स., म.स्वा.से लगायतको बीऊ पूँजी तथा अन्य आयको हिसावमा खुलासा समेत नगरेको स्थिति छ । थप स्रोत पहिचान गरी कारोबार समेटनु पर्दछ ।	
	नगरपालिकाको आन्तरीक आम्दानी तर्फ	
१८.	स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ (२) मा स्थानीय तहले उठाएको राजश्व तथा आय बाट प्राप्त हुने रकम आफ्नो सञ्चित कोषमा दखिला गर्नुपर्ने व्यवस्था गरिएको छ । यस नगरपालिकाले आ.व. २०७५।७६ को नगरसभामा राजश्व तथा अन्य आय बाट रु.१,२७,००,०००।०० वार्षिक आम्दामी गर्ने प्रस्ताव पारित गरेकोमा राजश्व तथा शुल्क बाट रु. ७७,३०,२२०।०० नदिजन्य आयबाट रु. ३८,००,३६८।०० र अन्य शिर्षक बाट रु. ९७२८२४।००, गरी सञ्चित कोषमा जम्मा रु. १,२५,०३,४१२।०० जम्मा भएको देखिएको छ ।	
१९.	**राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । चैनपुर नगरपालिकाले आर्थिक वर्ष ०७५।७६ मा सांग्रिला नामको राजश्व सम्बन्धि सफ्टयर प्रयोग गरेपनी वडा कार्यालयले रसिदमार्फत राजस्व असुल गरेको, वडा कार्यालयले असुल गरेको राजश्व समयमा दाखिला नगरी मासिक वा एकमुष्ठ रुपमा गर्ने गरेको र केही वडाले दाखिला गर्न बांकी रहेको मेशिनरी प्रयोगका लागि प्रयोग भएका रसीद र संख्या यकिन नभएको गत वर्षको नगदी रसिद के कति बांकी रहेको, यस वर्ष वडास्तर र नगरपालिकाका लागि के कति संख्यामा रसिद छपाई भएको हो नखुलेको, वडालाई वितरण गरेको रसिदको विवरण मात्र रहेको, बचत भएका रसीदको विवरण नरहेकोले आम्दानी रकम यथार्थपरक हो वा होइन यकिन हुन सक्ने अवस्था छैन । वडाहरुले आफ्नो अनुकुलतामा राजस्व दाखिला गर्ने गरेको तथा नगरपालिकाले राजस्व लक्ष्य निर्धारण एवं आन्तरिक नियन्त्रण नगरेका कारण राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको	

बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री चैनपुर नगरपालिकाको कार्यालय, संखुवासभा। आर्थिक वर्ष: २०७५/०७६		
दफा नं	**भौचर, मिति र व्यहोरा**	**बेरुजु रकम**
	छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । तसर्थ राजस्व सम्बन्धमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।	
२०.	**नगरपालिका भित्र लाग्ने कर तथा सेवा शुल्कः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अर्न्तगत स्थानीय तहले विभिन्न कर तथा शुल्क लगाउन सक्ने व्यवस्था छ । आर्थिक कार्यविधी ऐन, २०५५ को दफा १३ (१) ले जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था गरेको छ । त्यसैगरी दफा १३ (२) मा म्याद थप सम्बन्धि, दफा १३ (३) र (४) मा कारबाही सम्बन्धि व्यवस्था गरेको छ । यस वर्ष नगरपालिकाले लगाउने एकिकृत सम्पति कर, व्यवसाय कर लगायतका विभीन्न शिर्षकका कर, तथा सेवा शुल्क लगाएतका शिर्षकबाट यस वर्ष रु.७७,३०,२२०।०० आम्दानी गरी सञ्चित कोषमा दाखिला गरेको छ । नगरपालिका बाहेक सबै वडा कार्यालयहरु बाट कर तथा शुल्क बापतका रकमहरु नगदै संकलन गरी मासिक रुपमा मात्र दाखिला गर्ने व्यवस्था गरेको साथै केही वडाहरुले हाल सम्म पनि दाखिला गरेको नदेखिएको हुँदा उक्त आय दुरुपयोग हुने वा सञ्चित कोषमा दाखिला नहुने जोखिम रहन्छ । नगरपालिकाले आफ्नो आन्तरिक आय संकलनका लागि सफ्टयर सञ्चालनमा ल्याईसकेको अवस्थामा आन्तरीक आय हिनामिना तथा मस्यौट हुने जोखिमलाई नियन्त्रण गर्दै आय वृद्धि गर्न वडा कार्यालय सम्म सफ्टयरमा आधारीत राजश्व संकलन प्रणाली प्रयोगमा ल्याउनु पर्ने देखिन्छ भने संकलित राजश्व रकम संकलन भएकै दिन वा ऐनले तोके अनुशारको अवधिमा राजश्व खातामा दाखिला गर्नु पर्दछ । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्नेतर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ । वडाको आम्दानी विवरण र रसिद ठेलि परीक्षणका क्रममा निम्नानुसारका वडाहरुबाट आम्दामी दाखिला गर्न बांकि देखिएकोले उक्त रकम आर्थिक कार्यविधि ऐनको दफा १३ अनुसार असुल हुनुपर्ने देखिन्छ :	
२०.१.	वडा नं. ४ का नाममा रसिद नं. १ देखि रसिद नं. ६५० सम्मका १३ ठेलि रसिद हस्तान्तरण गरिएकोमा रसिद नं. ६२९ सम्म प्रयोगमा आएको छ । जसबाट रु. ७,८२,७३०।०० रकम संकलन भएकोमा राजस्व शाखाको अभिलेख बाट रु. २,१०,८९०।०० मात्र दाखिला भएको देखिएकोले बांकि रकम रु. ५,७१,८४०।०० असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.	५७१८४०.००
२०.२.	वडा नं. ५ का नाममा रसिद नं. १ देखि रसिद नं. ४०० सम्मका ८ ठेलि रसिद हस्तान्तरण गरिएकोमा रसिद नं.२७१ सम्म प्रयोगमा आएको छ। जसबाट रु. १,२८,९३०।०० रकम संकलन भएकोमा राजस्व शाखाको अभिलेख बाट रु. ४७,०७०।०० मात्र दाखिला भएको देखिएकोले बांकि रकम रु. ८१,८६०।०० असुल गरी सञ्चित कोषमा दाखिला गनुपर्ने रु.	८१८६०.००
२०.३.	वडा नं. ८ का नाममा रसिद नं. १ देखि रसिद नं. ५०० सम्मका १० ठेलि रसिद हस्तान्तरण गरिएकोमा रसिद नं.३७४ सम्म प्रयोगमा आएको छ । जसबाट रु.१,६७,३३०।०० रकम संकलन भएकोमा राजस्व शाखाको अभिलेख बाट रु.६६,५५०।०० मात्र दाखिला भएको देखिएकोले बांकि रकम रु.१,००,७८०।०० सम्बन्धित पदाधिकारीबाट असुल गरी सञ्चित कोषमा दाखिला गनुपर्ने रु.	१००७८०.००
२१.	**नदिजन्य आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । यस नगरपालिकाले नदिजन्य श्रोतबाट राजश्व असुलका सम्बन्धमा आर्थिक वर्ष २०७५।७६ अर्न्तगत २०७५ असोज ८ गते देखि मंसिर २० गते सम्म आफ्नै कर्मचारी स्थलगत रुपमा पठाई नदिजन्य श्रोत उत्खनन् तथा निकास कर असुल गरेको छ भने २०७५ साल मंसिर २६ गतेबाट ठेक्कामा लगाएको छ । असुल गरेका राजश्व समयमै दाखिला गरिएको छैन । उक्त अवधिमा के कति मात्रामा उत्खनन् र निकासी भएको हो सोको परिमाणात्मक विवरण राखेको छैन । जसलेगर्दा निकासी भएका सामाग्रीको उत्खनन IEE Report ले निर्धारण र स्विकृत परिमाणमा भए नभएको एकिन हुन सकेन साथै नगरपालिकाबाट अनुगमन भए गरेको देखिएन । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार रहेका छन् :	
२१.१.	**राजश्व बक्यौताः** चैनपुर नगरपालिका भित्रको सभाखोला, मादिखोला लगायतका सबै खोलाहरुको ढुङ्गा, गिटी, वालुवा, माटो/भरौट र ग्राभेलको स्थानीय निकासी शुल्क संकलन गर्न ठेक्काका	

बजेट उप–शीर्षक:– विभिन्न	कार्यालय:–श्री चैनपुर नगरपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५/०७६	
दफा नं	**भौचर, मिति र व्यहोरा**	**बेरुजु रकम**
	लागि २०७५।०७।१९ मा न्यूनत्तम अंक रु.७५,००,०००।०० कायम गरी १ मात्र आवेदन परी २०७५।०८।२६ को कार्यादेश बमोजिम मनकामना प्रा.लि रु.७६,००,६६६।०० कबुल अंकमा सम्झौता गरी जेठ मसान्तसम्म मात्र उत्खनन् गर्न पाउने गरी ठेक्का स्वीकृत गरिएको छ । बोलपत्र सुचनामा कबोल गरेको रकम २ किस्तामा ५०/५० प्रतिशतका दरले बुझाउनुपर्ने व्यवस्था बमोजिम मिति मिति २०७५।०८।२४ गते रु. ३८,००,३६८।०० नगरपालिकाको खातामा जम्मा गरेको छ भने बांकी ५० प्रतिशत ठेक्का रकम रु. ३८००२९८।००, बोलपत्र आह्वान सुचनाको बुदा नं. १० ले मिति २०७५ साल चैत्र मशान्त भित्र बुझाउनुपर्ने उल्लेख गरेको र सोहि अनुसार ठेक्का सम्झौता भई कार्यान्वयन भएकोमा दोस्रो पक्ष (मनकामना प्रा.लि.) ले उक्त रकम समयमै बुझाएको पाईएन । नगरपालिकाको कार्यालयले च.नं. १७०७, मिति २०७६।०१।२६ गतेको पत्रबाट रकम दाखिला गर्न पत्राचार गरेको भएता पनि थप प्रक्रियामा गई असुलिको आवश्यक कारबाही गरेको पाईएन । हालसम्म पनि उक्त रकम बुझाएको नदेखिएकोले सम्झौताको दोस्रो पक्ष मनकामना प्रा.लि. मध्यपुरठिमी-४, भक्तपुरबाट थप हर्जना रकम समेत असुल गर्नुपर्ने रु.,	३८००२९८.००
२१.२.	**मुल्य अभिवृद्धि कर र अग्रिम आयकर दाखिला:** चैनपुर नगरपालिका र मनकामना प्रा.लि.(महेशचन्द्र गौतम, खाद्यबारी- १०), मध्यपुरठिमी-४, भक्तपुर विच नगरपालिका क्षेत्र भित्रको नदिजन्य श्रोतको आय संकलन सम्बन्धमा भएको सम्झौताको बुदा नं. २ र वोलपत्र आह्वान सुचनाको बुदा नं.२० मा वोलपत्र कबोल अंकमा प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने मु.अ.कर बापतको रु.९,८८,०८६।०० र अग्रिम आय कर बापतको रु.१,१४,०१०।०० गरी हुनआउने जम्मा रु.११,०२,०९६।०० दाखिला गर्ने सम्बन्धमा उक्त रकम दोस्रो पक्ष मनकामना प्रा.लि. ले दाखिला गर्नु पर्ने सम्झौता भएकोमा हालको मिति सम्म पनि दाखिला भएको छैन । उक्त रकम असुल हुनुपर्ने रु.,	११०२०९६.००
२१.३.	**ठेक्का लाग्नु पुर्वको आम्दानी:** नगरपालिका भित्रको नदिजन्य श्रोतको उत्खनन् कार्यको प्रारम्भिक वातावरण प्रभाव मुल्याङ्कन प्रतिवेदन जिल्ला समन्वय समितिको मिति २०७५।०६।०६ को बैठकको निर्णयबाट स्विकृत भई नदिजन्य आय संकलन कार्यको बाटो खुलेको दखिन्छ । नगर कार्यापालिकाको मिति २०७५।०६।१४ गतेको बैठकबाट ठेक्कामा लाग्नु पुर्वको समयमा कार्यालयले नै नगरपालिका भित्रको खोलाबाट निकासी हुने बालुवा प्रति ट्रयाक्टर रु.२२०, ढुङ्गा/गिटी प्रति ट्रयाक्टर रु.२६५ का दरले निकासी कर २ जना कर्मचारीबाट असुल असुल गर्ने निर्णय गरे बमोजिम मिति २०७५।०८।२० गते सम्म निकासी कर असुल भएको देखिन्छ । असुल भएको आयको सम्बन्धमा रसिद निरीक्षण गर्दा वडा नं. ११ का कार्यालय सहायक कृष्ण बहादुर कटुवालले ४९ ठेलि रसिद लगेको देखिएकोमा रसिद नं. १ देखि २३३२ सम्म र अर्को रसिद नं. १०० देखि २०० सम्मका रसिद प्रयोग गरेको देखिन्छ । उक्त प्रयोग भएका रसिदहरु जोड जम्मा गर्दा रु.५,७८,८३३। असुल भएकोमा जम्मा रु.१,३६,४८०।०० मात्र दाखिला गरेको छ । त्यसैगरी वडा नं. ९ का कर्मचारी श्री बहादुर लिम्बुले लगेका रसिद ठेलि मध्ये रसिद नं. १ देखी ९६ सम्मका रसिद प्रयोग गरेको देखिन्छ । उक्त प्रयोग भएका रसिदहरु जोड जम्मा गर्दा रु.२२,१७५। असुल भएकोमा दाखिला भएको छैन । उक्त बांकी रकम कृष्ण बहादुर कटुवाल बाट रु.४,६४,५२८।०० र श्री बहादुर लिम्बु बाट रु.२२,१७५।०० गरी जम्मा रु.४,६४,५२८।०० असुल गर्न बांकि रहेको छ । उचित कारण बेगर समयमा राजस्व दाखिला नगर्नेबाट आर्थिक कार्यविधी ऐन, २०५५ को दफा १३ (३) र (४) मा भएको व्यवस्था बमोजिम असुल हुनुपर्ने रु.....	४६४५२८.००
२२.	**ब्याक हो लोडर मेशिन सञ्चालन :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय पमुखको हुने व्यवस्था रहेको छ । चैनपुर नगरपालिकाले विगत वर्षमा खरिद गरेको ब्याकहो लोडर मेशिन भाडामा सञ्चालन गर्न दिए बापत यस बर्ष रु.११,७४,५२५।०० आम्दानी गरेको देखाएको छ । गत विगतमा के कति आम्दानी, खर्च र बक्यौता रहेको हो सो को हिसाव रहेको छैन । मेशिन प्रयोग भाडा दर रु.२,५००।०० (ईन्धन र चालक सहित) प्रतिघण्टा दर तोकिएकोमा उक्त मेशिन आर्थिक वर्ष २०७५/७६ मा ९५९.६ (१६४२-६८२.४) घण्टा सञ्चालन भएको भएको छ । मेशिन सञ्चालन तथा मर्मत सम्भार खर्च तर्फ मितव्यीता अपनाउदै मेशिनको उच्च क्षमता अनुसार सञ्चालन गरेर आम्दानी वृद्धि गर्नु पर्दछ । साथै, जे.सी.वि., टिपर र दमकल चालक, सहयोगी र	

बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री चैनपुर नगरपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५/०७६		
दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	इन्धनबापत के कति खर्च भएको छ अभिलेख नरहेको र मेशिनरी औजारमा के कति इन्धन खर्च भएको छ र आम्दानी के कति भएको छ भन्नेमा नगरपालिकामा स्पष्ट अभिलेख छैन । नगरपालिकामा रहेका मेशिनरी औजारको सञ्चालन र व्यवस्थापन सम्बन्धमा कार्यविधि तयार गरी आयको उचित अभिलेखाङ्कन तथा परिचालन हुने व्यवस्था गर्नुपर्दछ । मेशिन सञ्चालन र सोको आम्दानीको सम्बन्धमा देखिएको प्रमुख व्यहोराहरु निम्नानुसार रहेको छ :-	
२२.१.	नगरपालिकाको मेशिनको सवारी लग बुग अभिलेख अनुशार यस बर्ष कुल ९५९।६ घण्टा मेशिन सञ्चालन भएको देखिन्छ । मेशिन कुल सञ्चालनमा आएको घण्टा ९५९।६ लाई आधार मान्दा प्रतिघण्टा रु.२,५००।०० का दरले कुल भाडा रकम रु.२३,९९,०००।०० हजार हुन आउछ । यस मध्ये नगरपालिकाले आफ्नो प्रयोजनमा ५३।३ घण्टा सञ्चालन गरेको छ भने २३५ घण्टा विभीन्न संघ संस्था तथा समितिलाई निशुल्क प्रयोग गर्न दिएको छ । बांकी मेशिनको सञ्चालन समय ६७१।३ घण्टाको रु.२,५००।०० को दरले हिसाब गर्दा रु.१६,७८,२५०।०० हुन आउँछ तर यस वर्ष मेशिन सञ्चालनको भाडा बापतको आम्दामी रु.११,७४,५२५।०० मात्र दाखिला भएको पाईएकोले बांकी रकम रु.५,०३,७२५।०० सम्बन्धित व्यक्तिहरुबाट असुल गरी सञ्चित खातामा दाखिला गर्नुपर्ने रु...	५०३७२५.००
२२.२.	**मेशिनको निशुल्क प्रयोग :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७ मा सरकारी धनमाल वा सम्पत्तिको संरक्षण गर्नु र तोकिएको काममा मात्र लगाउनु पर्ने सम्बन्धि व्यवस्था गरेको छ । यस वर्ष नगरपालिकाले विभीन्न सँघ संस्था तथा समितिहरु लाई नगर प्रमुखको तोकादेशको भरमा २३५ घण्टा निशुल्क प्रयोग गर्न दिएकोमा आर्थिक कारोबार गर्ने र व्यवसायिक संस्थाहरुलाई समेत दिएको पाईयो । मेशिनको सञ्चालन गर्ने, भाडामा दिने, निशुल्क दिने सम्बन्धि कुनै कार्यविधी र मापदण्ड नबनाई तोकादेशको भरमा दिंदा सार्वजनिक सम्पत्तिको उपयोग तथा संरक्षण प्रभावकारी नहुन सक्छ । विधिको शासन तथा संस्थागत सुशासनलाई मजबुद बनाउदै लैजानुपर्नेमा नगरपालिका आफैले सार्वजनिक सम्पत्तिको उपयोगमा कुनै मापदण्ड नबनाई जथाभावि प्रयोग गर्न दिनु कानुन सम्मत र औचित्यपुर्ण देखिएन । यसका केहि उदाहरणको रुपमा नगरपालिकाले चैनपुर बृहत खानेपानि उपभोक्ता समिति लाई ७२ घण्टा, पाखिबास सञ्चार गृहलाई १६.६ घण्टा मेशिन निशुल्क दिएको देखिन्छ । उक्त संस्थाहरु आफैमा आर्थिक कारोबार गर्ने संस्थाहरु हुन । ति संस्थाहरुलाई निशुल्क दिएको जम्मा ८६.६ घण्टा लाई आधार मान्दा रु. २,५००।०० प्रतिघण्टाका दरले रु.२,१६,५००।०० नगरपालिकाको आम्दानी घटि भएको देखिन्छ । नगरपालिकाले कार्यविधि एवं मापदण्ड बनाएर मात्र ब्याकहो लोडर मेशिनको प्रयोग तथा भाडामा दिने लिने काम गर्नुपर्दछ ।	
२३.	**सङ्घीय विभाज्य कोष खडा गर्नुपर्ने :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ (१) मा नेपाल सरकार, प्रदेश र स्थानीय तह बिच सङ्घीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । त्यसैगरी दफा ७ (२) मा उपदफा (१) बमोजिमको कोषमा रहेका रोयल्टीको बाँडफाँड नेपाल सरकारले अनुसुची-४, मा कुल रोयल्टी रकमको ५० प्रतिशत सङ्घीय सरकारमा र प्रदेश र स्थानीय तह लाई २५/२५ प्रतिशत विभाजन गर्नुपर्ने व्यवस्था गरेकोमा चैनपुर नगरपालिकाले हालसम्म पनि विभाज्य कोष खडा गरेको छैन । नदीजन्य प्राकृतिक स्रोतबाट असुल भएको आय नगरपालिकाको सञ्चित कोषमै जम्मा हुने गरेको छ । नगरपालिकाले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम संघीय विभाज्य कोष खडा गरी नदीजन्य प्राकृतिक स्रोतको उत्खन्न तथा निकासी बापत असुल भएको आय उक्त कोषमा जम्मा गर्ने व्यवस्था गर्नु पर्दछ ।	
२४.	**आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाले हालसम्म पनि आन्तरिक लेखापरीक्षण सम्वन्धी कानुन बनाएको देखिएन । यो वर्ष संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्देशन अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गरी लेखा परीक्षण गराउने व्यवस्था गरेको छ । यस वर्ष नगरपालिकाले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने निकासाको मात्र लेखापरीक्षण गराएको तर समानिकरण अनुदान र आन्तरिक स्रोत तर्फको रकमबाट निर्मित बजेट बाट भएको सबै खर्चको लेखापरीक्षण नगराएकोले आन्तरिक लेखापरीक्षण मार्फत हुने आन्तरिक नियन्त्रण व्यवस्था	

बजेट उप–शीर्षक:– विभिन्न	कार्यालय:–श्री चैनपुर नगरपालिकाको कार्यालय, संखुवासभा ।	आर्थिक वर्ष: २०७५/०७६
दफा नं	**भौचर, मिति र व्यहोरा**	**बेरुजु रकम**
	प्रभावहिन बनेको छ । अतः आन्तरिक लेखापरीक्षण सम्वन्धमा ऐनमा भएको व्यवस्था अनुरुप स्पष्ट व्यवस्था गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सबल र सक्षम बनाउनु पर्दछ ।	
२५.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गनुर्पर्ने व्यवस्था छ । नगरपालिकाले ऐनको व्यवस्था वमोजिम कर्मचारी कल्याणकोष खडा गरेको देखिएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
२६.	**कन्टिजेन्सी खर्च** - आयोजना सञ्चालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकममध्ये ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी भुक्तानी गरेको अवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा कार्यालयले कन्टिन्जेन्सीको छुट्टै खाता व्यवस्थित नगरेबाट कन्टिन्जेन्सी बापतको आम्दानी तथा खर्च रकम यकिन गर्न सकिएन । कन्टिन्जेन्सी खाताको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।	
२७.	**तलबी प्रतिबेदन** - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले स्थानीय तहतर्फका कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।	
२८.	**वातावरणीय प्रभाव** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालिकाले यो वर्ष विपद व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भू-संरक्षण, जलाधार संरक्षण, फोहोरमैला तथा ढल व्यवस्थापन लगायतका वातावरणीय प्रभाव न्यूनीकरणको कार्यमा बजेट एवं कार्यक्रम तय गरेको देखिएन । साथै वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई आदी कार्यहरु पर्दछन् । नगरपालिकाबाट ढल निर्माणको एकीकृत बहु वर्षे योजना समेत बनाएको देखिएन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।	
२९.	**मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन । पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ । सिद्धकाली मन्दीर, वालेश्वर गुफा जस्ता धार्मिक तथा पर्यटकीय स्थलको लागि आवश्यक व्यवस्था हुनुपर्दछ ।	
३०.	**योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी रु.५० हजार भन्दा कम लागतका सानासाना र टुक्रे योजनामा समेत बजेट व्यवस्था गरेको छ । ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।	
३१.	**सभाको निर्णय कार्यान्वयन** - मिति २०७४।०८।२८ मा सम्पन्न नगरसभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को Fallow up Register अभिलेख राखेको नदेखिंदा सभाद्वारा भएको निर्णयको कार्यान्वयन स्थिति विश्लेषण गर्न सकिएन । अतः तत्सम्बन्धी अभिलेख एवं प्रमाण व्यवस्थित गर्नुपर्दछ ।	
३२.	**न्याय सम्पादन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ मा न्याय सम्पादन प्रकृया सम्बन्धमा उल्लेख छ । नगरपालिका अन्तर्गतको न्यायीक समितिले उपलब्ध गराएको विवरण अनुसार विवाद, घरेलु हिंसा र विविध मुद्दाका १९ उजुरी तथा निवेदन परेकोमा ९ उजुरी तथा निवेदन मेलमिलाप मार्फत फछ्यौट गरेको तथा ४ उजुरी तथा निवेदन फैसला हुन बाँकी	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	देखिन्छ। ऐनको दफा ४९ मा स्थानीय तहले गर्ने न्यायनिरुपण सम्बन्धमा स्पष्ट व्यवस्था भएको अवस्थामा न्यायीक समितिले ऐनमा व्यवस्था भएको अधिकार कार्यान्वयनमा ल्याई समयमै न्याय सम्पादन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
३३.	**सेवा करार** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगरपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा बाहेकका अन्य पदमा सेवा करारबाट पदपूर्ती गर्न नपाउने उल्लेख छ। नगरपालिकाले सेवा प्रवाहको लागि आवश्यक भएको भनी विभिन्न मितिमा सम्झौता गरी आई.टी.इन्जिनियर १, सिभिल ईन्जिनियर १ र सव-ईन्जिनियर सिभिल १ जना नियुक्ती गरेको पाइयो। नियुक्ती भएका मध्ये आई टी ईन्जिनियर LGCDP अन्तर्गत सेवा करारमा लिएको कार्यालयको भनाई रहेको छ। कार्यालयले वित्तीय समानिकरण अनुदानबाट भुक्तानी हुनेगरी ऐनमा भएको व्यवस्था विपरित सेवा करारमा लिई सिभिल ईन्जिनियर, सव ईन्जिनियर, अमिन, सहायक कर्मचारी लगायत नियुक्ती गरी तलब भत्ता वापत रकम खर्च गरेको देखियो।	
३४.	**उपभोक्ताको कार्य:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरीका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खेल मैदान निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन। सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ।	
३५.	**साल तमाममा बाँकी रकम फिर्ता दाखिला** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा प्रत्येक वर्ष महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने खाता तोकिदिने र सो बाहेकका फ्रिज हुने खाताहरुको रकम साल तमाम हुनुभन्दा कम्तिमा ७ दिन अगावै खाता बन्द गरी खर्चको लेखा अद्यावधिक गरी बाँकी रहेको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस आ.ब.मा सशर्त अनुदानतर्फको विनियोजित रकममध्ये खर्च हुन बाँकी भएको रकम फ्रिंज गरी संघिय संचित कोष र प्रदेश संचित कोषमा फिर्ता दाखिला गर्नुपर्नेमा प्राप्त बजेटमध्ये खर्च हुन बाँकी रकम फिर्ता नगरी कार्यालयकै संचित कोषमा मौज्दात राखेको देहायका शीर्षकको रु.३३,८१,००१.०० संघिय र प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रु,	३३८१००१.००

सि.नं.	कार्यक्रमको नाम	निकासा	खर्च	फिर्ता गर्नुपर्ने रकम
१.	प्रदेश सर्शत अनुदान	१५०००००००.००	११७८६८०९.००	३२१३१९१.००
२.	निर्वाचन क्षेत्र विकास कोष (संघ)	१२०००००००.००	११९७१७३२.००	२८२६८.००
३.	निर्वाचन क्षेत्र विकास कोष (प्रदेश)	७००००००.००	६९७०५८३.००	२९४१७.००
४.	पर्यटन संस्कृति	५००००००.००	४९९८१५९.००	१८४१.००
५.	सडक वोर्ड	२९७७८५५.००	२८६९५७१.००	१०८२८४.००
	जम्मा	**४१९७७८५५.००**	**३८५९६८५४.००**	**३३८१००१.००**

बजेट उप–शीर्षक:– विभिन्न	कार्यालय:–श्री चैनपुर नगरपालिकाको कार्यालय, संखुवासभा ।	आर्थिक वर्ष: २०७५/०७६
दफा नं	**भौचर, मिति र व्यहोरा**	**बेरुजु रकम**
३६.	**लेखा ढाँचाको प्रयोग नभएको**: नेपालको संविधानको धारा २४१ मा नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखा परीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा संघिय कानुन बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ । त्यसैगरि आर्थिक कार्यविधि ऐन, २०५५ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा समेत स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षक बाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । सोहि अनुसार एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरि दुई समुहका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागु गर्ने उद्देश्यले मिति २०७२।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको अवस्था छ । जसअनुसार १४२ प्रकारका फाराम विकास भएकोमा ७९ नयाँ फारामहरु र ६३ परिमार्जित फाराम विकास भएको अवस्था छ । उपर्युक्त अनुसारको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचित कोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा अन्य व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोभ्कै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, आयोजना र कार्यमा खर्च (सशर्त अनुदान) भुक्तानी दिन बाँकीको विवरण, फिर्ता गर्न बाँकी अनुदान, फिर्ता लिन बाँकी अनुदान, पेश्की बाँकी बैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष यस पालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरेको छैन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ ।	
	वित्तीय समानिकरण अनुदान चालुतर्फः	
३७.	**भ्रमण भत्ताः** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बीलभर्पाइ सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ । त्यस्तै उपनियम (२) मा हवाई यातायातको सुविधा लिने पदाधिकारी वा कर्मचारीले हवाई टिकट पेश गरेमा मात्र सो बापतको रकम भुक्तानी दिइनेछ भन्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।	
३७.१.	प्रमुख प्रशासकिय अधिकृत गोकुल खड्कालाई सरुवा भ्रमण विलबाट रु.७१०० भुक्तानी गर्दा सरुवा भ्रमण आदेश स्वीकृत नगरि भुक्तानी गरको तथा हवाई भाडा वापत रु.६१००.०० भुक्तानी गरेकोमा वोडिङ्ग पास समेत संलग्न नगरि भुक्तानी गरकोले उल्लिखित प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु……	७१००.००
३७.२.	प्रमुख प्रशासकिय अधिकृत गोकुल खड्कालाई मिति २०७५।४।५ देखी १० सम्म स्थानीय विकास मन्त्रालयमा काज गएको दैनिक भ्रमण भत्ता वापत रु.१४६००.०० भुक्तानी गर्दा भ्रमण आदेश स्वीकृत नभएको तथा हवाई भाडा वापत पेश गरेको टिकट भदौ ४ गतेको देखिएको साथै साउन ११ देखी भदौ ३ सम्म निज कार्यालयमा हाजिरि नै भएकोले फर्कदा पेश गरको हवाई टिकट वापतको भुक्तानी रु.६१००.०० असुल गर्नुपर्ने देखिएको रु……	६१००/-
३७.३.	कार्यालयले प्रमुख प्रशासकिय अधिकृतको परिवार भनि शान्ता खड्कालाई गत आ.व. को मिति २०७५।३।८ को काठमाण्डौ देखी तुम्लिङ्गटार सम्मको हवाई टिकट वापत रु.६१००.०० र २०७५।३।२० को तुम्लिङ्गटार देखी काठमाण्डौ सम्मको हवाई टिकट वापत रु.६१००.०० सहित रु.१४६०० भुक्तानी गरेको देखिन्छ । कानुन विपरित गैरसरकारी व्यक्तिलाई कार्यालयले दैनिक भ्रमण भत्ता वापत भुक्तानी गरको देखिन्छ । उक्त दैनिक भ्रमण भत्ता प्रमुख प्रशासकिय अधिकृत गोकुल खड्काले बुझिलिएको देखिएकोले निजबाट असुल उपर गर्नुपर्ने रु……	१४६००/-
३८.	**टुक्रा खरिदः** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरीद गर्न नमिल्ने, साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र वा बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्दछ । यो वर्ष पालिकाले विभिन्न स्टेशनरि सामान वोलपत्रको माध्यम नअपनाई सोभ्कै खरिद वापत आपूर्तकलाई भूक्तानी गरेको देखियो । एकै पटक खरिद गरी प्रतिस्पर्धात्मक मूल्यमा वस्तु प्राप्त	१२८७६३६.२०

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	गरीनूपर्नेमा लागत अनुमान र स्पेशिफिकेशन वेगर पटक पटक सामान खरिद हुदाँ गुणस्तरिय र प्रतिस्पर्धी मूल्यमा सामान प्राप्त भयो भन्न सक्ने अवस्था नरहने हुँदा सोझै खरिद कार्य नियमित नदेखिएको, रु. …………	

भौ.नं./मिति	फर्मको नाम	विजक नं/मिति	खरिद सामान	रकम (भ्याट सहित)
स्टेशनरी सामानः				
०५-०७५/७/१९	सुशिल एण्ड सुनिल स्टोर्श (६०३५९११४७)	६,२०७५/५/६	१२० कार्टुन फोटोकपि पेपर	४४०७००.००
०५-०७५/७/१९	सुशिल एण्ड सुनिल स्टोर्श (६०३५९११४७)	४,२०७५/४/२६	८० कार्टुन फोटोकपि पेपर	२९३८००.००
०५-०७५/७/१९	प्रतिमा अफसेट प्रेस एण्ड स्टेशनरी पसल (६००५३९५०४)	२,२०७५/५/५	विभिन्न स्टेशनरी	३४४१४२.२०
०५-०७५/७/१९	प्रतिमा अफसेट प्रेस एण्ड स्टेशनरी पसल (६००५३९५०४)	३, २०७५/५/६	विभिन्न स्टेशनरी	२०८९९४.००
			जम्मा	**१२८७६३६.२०**

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
३९.	**बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको स्रेस्ता राख्नुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्:	
३९.१.	६२,२०७५।७।२९, स्थानीय संचितकोष प्रणाली (SUTRA) संचालन सम्बन्धि ५ दिने तालिम कार्यक्रम २०७५ मा प्रशिक्षक भत्ता तथा सहभागि भत्ता वापत रु.४४८००.०० को विल भरपाई पेश भएको र बाँकी रु.१८९५०.०० को प्रमाण कागजात पेश नभएकोले उल्लिखित प्रमाण पेश गर्नुपर्ने रु……….	१८९५०.००
३९.२.	३२८,२०७६।३।१७ श्री प्रशान्त फलफुल नर्सरी बागबानी बाट आय कृष्णभोग ८००, लिचि ८००, सुनकागती १३१६, अशोक १५ वटा विरुवा खरिद गरि कृषक समुहलाई वितरण गर्ने भनि रु.२२५३४३.०० वडा नं ११ कार्यालयले खरिद गरि कृण बहादुर कटुवाललाई भुक्तानी गरेकोमा उक्त विरुवा वितरण गर्न कृषक समुह छनौट गरेको आधार सहितको वितरण भरपाई संलग्न नरहेकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु…………….	२२५३४३.००
३९.३.	३८८,२०७६।३।२६ वडा नं ७ को कार्यालयलाई १६८ पिस प्लाष्टिक कुर्सि भ्याट सहित रु.१४७००२.६० मा खरिद गरेको पाइयो । उक्त परिमाणका कुर्सिहरुको वडा कार्यालयमा आवश्यकता पहिचानको प्रमाण सहित जिन्सी आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रु…..	१४७००२.००
३९.४.	४०४,२०७६।३।३० वडा नं ५ को कार्यालयलाई ८० वर्ष माथिका १६ जेष्ठ र ३ जना अपाङ्गलाई सम्मान कार्यक्रम अन्तर्गत १४ लेडिज स्वीटर, ५ जेन्स जम्सर गरि रु.२५०००.०० भुक्तानी गर्दा वितरण भरपाई संलग्न नरहेकोले उल्लिखित प्रमाण पेश गर्नुपर्ने रु………	२५०००.००
४०.	**नगरपालिकाका सदस्य तथा कर्मचारीहरुलाई कम्प्युटर क्षमता अभिवृद्धि तालिमः** ७२,२०७५।८।२१, कार्यालयले मिति २०७४।११।२३ मा कम्प्युटर्स होम एण्ड सप्लायर्ससँग ४५ जना नगरपालिकाका सदस्य तथा कर्मचारीहरुलाई कम्प्युटर क्षमता अभिवृद्धि तालिम सम्बन्धि तालिम गर्ने गरि मु.अ.कर सहित रु.४४६९१५.०० मा सम्झौता भएकोमा देहायका व्यहोराहरु देखियो।	
४०.१.	सम्झौताको वुँदा नं २ मा सम्झौता भएको मितिले ३ महिना भित्र सम्पन्न गर्नुपर्ने उल्लेख भएको तर उक्त फर्मले २०७५।२।१५ मा कार्यसम्पन्न भईसकेकोले भुक्तानी दिनुपर्ने भन्ने व्यहोराको पत्र पठाएको तर कार्यालयको तर्फबाट उक्त काम सम्पन्न भई नसकेको भन्ने व्यहोरामा तत्काललाई रु.२००,०००.०० पेश्की दिने निर्णय गरेको देखिन्छ। सोहि सम्झौताको वुँदा नं १४ मा सम्झौताको विपरित कार्य गरेमा कानुन बमोजिम कारवाहि हुनेछ भन्ने व्यवस्था रहेतापनि सम्झौताको समायावधि भित्रमा कार्यसम्पन्न नगरि कार्यसम्पन्न भएको भनि झुठा विवरण पेश गर्ने तथा सम्झौता पालना नगर्ने फर्मलाई आवश्यक कारवाहिको दायरामा ल्याईनुपर्नेमा कुनै कारवाहि गरेको देखिदैन। यस्ता फर्मलाई कार्यालयले अविलम्ब कानुनको दायरामा ल्याउनुपर्दछ।	
४०.२.	उक्त फर्मले पेश गरेको विवरणमा तालिम कार्यक्रम मिति २०७४।११।२७ देखी १५ दिनसम्म	४४६९१५.००

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	विहान वेलुका ३ घण्टाको दरले संचालन भएको भन्ने पत्र पठाएको । तर कार्यालयले उक्त कार्य सम्पन्न नभएकोले तत्काल पुरा भुक्तानी दिन नसकिने जनाएकोले तालिमको विषयमा यकिन हुन सकिएन । सम्झौताको बुँदा नं १४ बमोजिम पत्रको साथमा पेश गरेको सहभागिहरुलाई वितरण गरेको प्रमाणपत्र ३२ जनाको मात्र रहेको तर सम्झौतामा ४५ सहभागि हुने उल्लेख गरिएको छ । दैनिक सहभागि उपस्थिति हाजिरि गराएको नदेखिँदा के कति सहभागि भए भन्ने कुनै एकिन गर्न सकिएन । कार्यालयलाई पुन २०७५।६।७ मा भुक्तानीको लागि पठाएको पत्रसाथ पेश गरेको मु.अ.कर विजक नं ३८ मिति २०७५।२।१४ को विजक कार्वन कपि रहेको र गत आ.व.को समेत रहेकोले सक्कलै विजक सहित वास्तविक सहभागि पहिचान गरि उपलब्धी मुल्यांकन गरेको प्रमाण पेश गर्नुपर्ने रु.................	
४१.	**बढी वैठक भत्ता भुक्तानीः** प्रदेश नं १ का गाँउ तथा नगर सभाका सदस्यले पाउने सेवा सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३(२) मा दफा १ बमोजिम प्राप्त हुने बैठक भत्ता अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उप प्रमुख, वडाध्यक्ष र कार्यपालिकाका सदस्यले कार्यपालिकाको वैठक, समिति/उपसमिति वा वडा समितिको वैठकमा जतिसुकै पटक सहभागि भए पनि एक महिनामा तीनवटा वैठकको मात्र भत्ता पाउनेछ भने वडा समितिका सदस्यले जतिसुकै पटक वडा समिति वा कार्यपालिकासँग सम्बन्धित समितिको वैठकमा सहभागि भए पनि दुई वटा भन्दा बढी बैठक भत्ता पाउने छैन भन्ने व्यवस्था रहेको छ । तर कार्यालयले उर्पयुक्त संख्या भन्दा बढी दरको संख्याले तपशिल बमोजिमका पदाधिकारीलाई भत्ता भुक्तानी गरेकोले असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु..................	२४७५२९.००

क्र. स	गो.भौ.नं, मिति	पद	नामथर	भुक्तानी भएको दिन	भुक्तानी हुनुपर्ने दिन	भुक्तानी भएको दैनिक दर	बढी भुक्तानी कर बाहेक	कैफियत
१.	९१,०७५/ ९/१७	उप प्रमुख	मुना श्रेष्ठ	४	३	२२००	१८७०	०७५ श्रावण महिनामा ४ वटाको भुक्तानी
२.	३६१,०७६ /३/२४	वडा नं २	शंकर कुमार श्रेष्ठ	८	६	१५००	५१००	चैत्र र वैशाखको वैठक भत्ता भुक्तानी । २ भन्दा बढी प्रतिमहिना नपाउने । कर्मचारीको दर वडा सदस्यकै हुने ।
३.			इन्दिरा खनाल	८	६	१५००	५१००	
४.			महेन्द्र ब.खत्री	८	६	१५००	५१००	
५.	२०७,०७ ५/१२/२२	वडा नं ३ साउन देखी फागुन सम्मको वैठक भत्ता भुक्तानी	बल बहादुर अधिकारी	१६	१३	१५००	३८२५	नियमले तोकेभन्दा बढी पटकको र उपस्थिति नभएको दिनको पनि भुक्तानी भएको र वडा अध्यक्षको दर २००० र सदस्यको वैठक दर १००० रहेको
६.			लक्ष्मी माया अधिकारी	१६	१३	१५००	९३५०	
७.			खड्ग ब. मगर	१६	१३	१५००	९३५०	
८.			सुनिता वि.क	१६	१२	१५००	१०२००	
९.			मान ब. लिम्बु	१६	११	१५००	११०५०	
१०.			शंकर कुमार श्रेष्ठ	८	६	१५००	५१००	
११.			ईन्दिरा खनाल	१६	१३	१५००	९३५०	
१२.	१९९,०७ ५/१२/२०, ३९५,०७६ /३/२६	वडा नं ४	धन ब. तामाङ	३,६	२,४	२०००	५१००	२०७५ प्रतिमहिना २ भन्दा बढी नपाउने,
१३.			चन्द्र कुविर फागो	३,६	२,४	१०००	२५५०	
१४.			निर्मला	३,६	२,४	१०००	२५५०	

बजेट उप–शीर्षक:– विभिन्न	कार्यालय:–श्री चैनपुर नगरपालिकाको कार्यालय, संखुवासभा ।	आर्थिक वर्ष: २०७५/०७६
दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम

			लिम्बु					
१५.			मन्जु वर्देवा	३,६	२,४	१०००	२५५०	
१६.			गणेश कुमार लिम्बु	३,६	२,४	१०००	२५५०	
१७.			प्रनिता लिम्बु	३,६	२,४	१०००	२५५०	
१८.	४०६,२० ७६/३/३०	वडा नं ५	काली ब. लिम्बु	१९	१७	२०००	३४००	प्रति महिना बढीमा २ सम्म पाउनेमा बढी भुक्तानी गरेको । तथा अनुपस्थित दिनमा भुक्तानी भएको ।
१९.			दाछेत्र शेर्पा	१९	१७	१०००	१७००	
२०.			सम्सेर ब. तामाङ	१९	१७	१०००	१७००	
२१.			गोमा देवी खत्री	१५	१३	१०००	१७००	
२२.			सीता पाँचकोटी	१९	१७	१०००	१७००	
२३.			गणेश कुमार लिम्बु	१०	९	१०००	८५०	
२४.			प्रनिता लिम्बु	८	७	१०००	८५०	
२५.	३६१,२०७ ६/३/२४	वडा नं ६	नेत्र ब. डाँगी	२६	२२	२०००	६८००	प्रति महिना बढीमा २ सम्म पाउनेमा बढी भुक्तानी गरेको ।
२६.			शिखा शर्मा	२६	२२	१०००	३४००	
२७.			चन्द्रावती तिखत्री	२६	२२	२०००	६८००	
२८.			लोक व. तामाङ	२६	२२	१०००	३४००	
२९.			देवी श्रेष्ठ	२६	२२	१०००	३४००	
३०.			झमला रिजाल	२६	२२	१०००	३४००	
३१.	३६१,२०७ ६/३/२४	वडा नं ७	पदम ब.तामाङ	२५	२२	२०००	५१००	प्रति महिना बढीमा २ सम्म पाउनेमा बढी भुक्तानी गरेको ।
३२.			दल ब. तामाङ	२५	२२	१०००	२५५०	
३३.			विमला दाहाल	२५	२२	२०००	५१००	
३४.			कुल ब. श्रेष्ठ	२५	२२	१०००	२५५०	
३५.			लक्ष्मी वि.क	२५	२२	१०००	२५५०	
३६.			झमला रिजाल	२५	२२	१०००	२५५०	
३७.	३७१,०७६ /३/२५	वडा नं ९ सचिव	कमल व. खत्रि	२४	२४	१५००	१०२००	वडा सचिवको दर वडा सदस्यकै हुनुपर्ने
३८.	३५७,०७६ /३/२४ वडा नं १०	अध्यक्ष	तेज ब. कटुवाल	६००००	२०+३	४४५००	१३१७५	वडा समितिको वैठक र अन्य समितिको वैठक गरि भुक्तानी भएको । भुक्तानी भएको एकमुष्ठ रकम column मा राखिएको छ । वडा समितिको वैठक र अन्य समितिको वैठक दर फरक रहेकोले सोहि दरले भुक्तानी हुनुपर्दछ ।
३९.		कार्यपालिका सदस्य	शिव कुमारी राई	६००००	२०+१	४१०००	१६१५०	
४०.		सदस्य	धन ब. राई	३००००	२०+२	२२०००	६८००	
४१.		सदस्य	अम्बिका ब. अधिकारी	३००००	२०+०	२००००	८५००	
४२.		सदस्य	फुलचेली वि.क	३००००	१९+२	२१०००	७६५०	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम

४३.		सचिव	नर ब.राउत	४५०००	२०+२	२२०००	१९५५९	वडा सचिवले वडा सदस्यकै दर रु.१००० ले भुक्तानी लिनुपर्नेमा रु.१५०० को दरले भुक्तानी लिएको ।
४४.	३१४.७६/ ३/१४	वडा नं ११ सचिव	नर बहादुर राउत	१८	१८	१५००	७६५०	वडा सचिवलाई वडा सदस्यकै दर रु.१००० ले भुक्तानी गर्नुपर्ने
४५.	३५८,०७ ६/३/२४	वडा नं ११	तारा राई	६	४	१०००	१७००	वडा सचिवलाई वडा सदस्यकै दर रु.१००० ले भुक्तानी गर्नुपर्ने
४६.			नर बहादुर राउत	६	५	१५००	३४००	
	जम्मा						२४७५२९ .००	

४२. **मु.अ.करमा दर्ता नभएको फर्मलाई मु.अ.कर भुक्तानीः ५, २०७५।७।१९,** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले कर उठाउन नहुने व्यवस्था रहेको छ । त्यस्तै दफा २९ (१)(घ) मा कर अधिकृतले दफा १५ उल्लङ्घन गरेमा उठाएको करको शतप्रतिशत रकम जरिबाना गर्न सक्ने छ । र ऐनमा व्यवस्था भएबमोजिमको अन्य कारवाहि समेत गर्न सक्नेछ भन्ने व्यस्था रहेको छ । सुशिल एण्ड सुनिल स्टोर्श (प्यान नं ६०३५९११४७), खाँदवारीलाई विजक नं ४ मिति २०७५।४।२६ मा ८० कार्टुन फोटोकपि पेपर रु.२९३,०००.०० (रु.२६०,०००.०० मा भ्याट रु.३३,८००.००) तथा विजक नं ६ मिति २०७५।५।६ मा १२० कार्टुन फोटोकपि पेपर रु.४४०,७००.०० (रु.३९०,०००.०० मा भ्याट रु.५०,७००.००) गरि जम्मा रु.७३३,७००.०० भुक्तानी गरेको देखिन्छ । उक्त प्यान नं आन्तरिक राजश्व कार्यालयको पोर्टलमा सर्च गरि हेर्दा लेखापरीक्षणको अवधि सम्ममा मुल्य अभिवृद्धि करमा दर्ता भएको देखिएन । मुल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मलाई भ्याट भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार वनाई ऐनमा भएको व्यवस्था अनुरुप आवश्यक कारवाहिको लागि कार्यालयले उक्त फर्म दर्ता भएको आन्तरिक राजश्व कार्यालय, धरानलाई लेखिपठाउनुपर्ने र भुक्तानी भएको मुल्य अभिवृद्धि कर रु.८४५००.०० असुल गर्नुपर्ने रु............ ८५४००.००

४३. **वितरणमुखी खर्चः** पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा नगरपालीकाले आर्थिक सहायता उपलब्ध गराएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्न आवश्यक देखिन्छ यस्ता संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत छैन । स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नियम संगत नदेखिएको सहायता रकम रु.... ५१५३४५.००

सि. नं	गो.भौ.नं, मिति	सहायता पाउनेको नाम	प्रयोजन	रकम
१	२०,२०७५/७/२१	Youth for Change	साँस्कृतिक तथा गाईजात्रा पर्व संचालन गर्न	२०००००.००
२	६७,२०७५/८/९	नेवाः देय दबु	नारायणगढ गई लाखे नाच प्रस्तुत गर्न	५००००.००
३	८८,२०७६/९/१२	नेपाल सितोरियो कराते डो	कराते खेलकुदको लागि	३१६३०.००
४	९२,२०७६/९/१७	वालामेला भलिवल खेलकुद		७५०००.००
५	१४५,२०७५/११/३	स्वतन्त्र विद्यार्थि युनियन, संखुवासभा वहुमुखि क्याम्पस	मेयर गोल्ड कप शिर्षकबाट अनुदान	५१३५०.००
६	१३३,२०७५/१०/२५	खेलाडीलाई खादँवारी न.पामा खेलकुदमा सहभागि हुनको लागि भएको खर्चको सोधभर्ना	मेयर गोल्डकप शिर्षकबाट अनुदान	८४८९०.००

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम

७	१७४,२०७५/११/२५	वडा स्तरिय महिला संजाल वडा नं ८	तिजगित दर खाने कार्यक्रम	१२४७५.००
८	२५४,०७६/२/२२	नेपाल तामाङ घेदुङ्ग		१००००.००
		जम्मा		५१५३४५.००

४४. **नव युवा क्लवलाई अनुदानः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(१) बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्नेछ । सोहि दफाको उपदफा ३ मा गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने किसिमका योजना बनाउनु पर्नेछ भन्ने व्यवस्था गरेका छ । कार्यालयले ऐनमा भएको व्यवस्था विपरित कुनै प्रपोजल, लागत साझेदारिता, समुदायलाई पुग्ने लाभ लगायतको विषय पहिचान नगरि कुनै एक क्लवलाई राज्यकोषबाट पटक पटक गरि अनुदान दिनु स्रोत साधनको दुरुपयोग भएको देखिएकोले तपशिल बमोजिमको रकम नियमसम्मत नदेखिएको रु............ — बेरुजु रकम: ३७३३००.००

सि. नं	गो.भौ.नं, मिति	सहायता पाउनेको नाम	प्रयोजन	रकम
१	२४६,०७६/२/१६	नव युवा क्लव	भलिवल खेलकुद	२००००.००
२	२५३,०७६/२/२२	नव युवा क्लव	भलिवल खेलकुद	३४७७५.००
३	२७६,०७६/२/२८	नव युवा क्लव	खेलकुद अनुदान	३५०००.००
४	२८१,०७६/३/३	नव युवा क्लव	खेलकुद अनुदान	५००००.००
५	२८२,७६/३/३	नव युवा क्लव	खेलकुद अनुदान	१५०००.००
६	३१२,७६/३/३	नव युवा क्लव	खेलकुद अनुदान वडा नं १० बाट	२०००.००
७	३२४,०७६/३/१६	नव युवा क्लव	कार्यक्रम खर्च	२०००००.००
८	३९२,०७६/३/२६	नव युवा क्लव	आर्थिक सहयोग	१४५२५.००
९	३९३,०७६/३/२६	नव युवा क्लव		१०००.००
१०	३९४,०७६/३/२६	नव युवा क्लव		१०००.००
		जम्मा		**३७३३००.००**

४५. **टप मकालु युथ क्लवलाई निकासाः** १३१,२०७५।१०।२३ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(१) बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्नेछ । सोहि दफाको उपदफा ३ मा गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने किसिमका योजना बनाउनु पर्नेछ भन्ने व्यवस्था गरेका छ । कार्यालयले ऐनमा भएको व्यवस्था विपरित कुनै प्रपोजल, लागत साझेदारिता, समुदायलाई पुग्ने लाभ लगायतको विषय पहिचान नगरि टप मकालु युथ क्लवलाई खुला भलिवल प्रतियोगितालाई मेयर गोल्डकप शिर्षकबाट रु.१०१,०००.०० भुक्तानी दिएको पाइयो । वडा नं १० को मिति २०७५।१०।१३ ले वास्तविक खर्च रु.६२३७५०.०० भएको भन्ने व्यहोराको पत्र नगरपालिका कार्यालयमा पठाई भुक्तानी दिनुहुन भन्ने अनुरोध गरेको देखिन्छ । कार्यक्रमको प्रस्ताव तथा उपलव्धी मुल्यांकन, लागत लाभको विश्लेषण नगरि कुनै क्लवले आयोजना गरेको कार्यक्रममा नगरपालिका तथा यसका वडाहरुले खर्च प्रमाणित गराई भुक्तानी दिन कुनै मनासिव कारण देखिदैन । पुन १३२,२०७५।१०।२४ मा वडा नं १० को कार्यक्रमबाट खाजा नास्ता लगायतको रु.७५०००.०० को विल पेश गरे अनुसार उक्त क्लवका अध्यक्ष मिन बहादुर अधिकारीलाई भुक्तानी दिएको पाईयो । र पुन १३९, २०७५।१०।२९ मा सोहि क्लवलाई आर्थिक सहयोग वापत रु.५०००.०० वडा नं ९ का अध्यक्ष टिकाराम तामाङ्गको खातामा जम्मा गरेको देखिन्छ । यसरी कुनै क्लवको कार्यक्रम खर्च भुक्तानी गर्ने तथा अनुदान सहयोगको लागि संस्था छनौट गर्ने वैज्ञानिक आधार तय नगरि कुनै शिर्षकबाट सोझै भुक्तानी गरेको रकम नियम — बेरुजु रकम: १८१०००.००

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	सम्मत नदेखिएको रु...........	

४६. **आनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली , २०६४को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको तपशिल बमोजिमका निर्माण कार्यको भुक्तानीमा आनुपातिक कट्टा नभई बढी भुक्तानी भएको रकम असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु .... — बेरुजु रकम: ९१२२२.००

गो भौ नं.,मिति	योजनाको नाम	कार्य सम्पन्न रकम	कार्यालयले व्यहोर्ने प्रतिशत	कार्यालयले भुक्तानी दिनुपर्ने रकम	भुक्तानी भएको रकम	बढी भुक्तानी रकम
५४,२०७५/७/२९	वडा नं ४ बाट बतासेविच टोल देखी चाराने सम्म मोटरबाटो सर्भे	४९३८१.००	८३.३३	४११५०.००	४९३८१.००	८२३१.००
२९४,०७५/३/९	वडा १० बाट कृषि कार्यक्रम संचालन गर्न साना किसान कृषि सहकारी संस्था लि. मार्फत संचालन लागत साझेदारीमा	६०२५७५.००	८५.५	५१७००९.००	६०००००.००	८२९९१.००
	जम्मा	६५१९५६.००		५५८१५९.००	६४९३८१.००	९१२२२.००

४७. **मुल्य अभिवृद्धि कर विजक वेगर खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(२)(क) अनुसार बीस हजार रूपैयाँ भन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा अनिवार्य रुपमा मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेकासँग खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष देहायवमोजिमका मालसामानहरु मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त नगरेका फर्मसँग खरिद गरेको पाइएकोले उक्त फर्मबाट मु.अ.कर वापतको रकम कट्टा गरि दाखिला गर्नुपर्ने रु........ — बेरुजु रकम: ९७२५.००

गो.भौ.नं, मिति	फर्मको नाम	विजक नं, मिति	विवरण	रकम
५७,२०७५/७/२९	विशाल सप्लायर्स	२४८,२४९,२५०,२५१	किचन तथा किराना सामान	७४८१०.००

४८. **कर्मचारी पुरस्कार वडा अध्यक्षको वैंक खातामाः** ७०,२०७५।८।२१, वडा नं ९ को मिति २०७५।६।२३ को वैठकले वानेश्वर स्वास्थ्य चौकिमा कार्यरत दान बहादुर राईलाई अवकास पश्चात कामको उच्च मुल्यांकन गर्दै रु.३००००.०० पुरस्कार दिने निर्णय गरेको र वडाको मिति २०७५।७।१५ को पत्रबाट उक्त रकम वडा अध्यक्ष टिकाराम तामाङको खातामा जम्मा गर्ने अनुरोध भई सोहि बमोजिम भएको देखियो । विगतमा तलव भत्ता भुक्तानी गर्दा निज दान बहादुरको खातामै जम्मा हुने गरेको तर पुरस्कार टिकाराम तामाङको खातामा जम्मा गर्दा यसको उचित सदुपयोगको सम्बन्धमा विश्वस्त हुन सकिएन । यसरी एक व्यक्तिलाई भुक्तानी गर्नुपर्ने रकम अर्को व्यक्तिको खातामा जम्मा गर्ने परिपाटी अभिलम्ब बन्द गर्नु पर्ने देखिन्छ । निजले उक्त पुरस्कार वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु................ — बेरुजु रकम: ३००००/-

४९. **राहात रकम वडा अध्यक्षको वैंक खातामाः** १४२,२०७५।११।०१ कार्यपालिकाको मिति २०७५ माघ २४ वैठक संख्या १७ मा नुर्दु शेर्पाको रुखबाट लडेर मृत्यु भएको कारणले रु.३५०००.०० कियाखर्च वापत राहात उपलब्ध गराउने निणर्य भएबाट वडा नं ६ का वडा अध्यक्ष नेत्र बहादुर डाँगीको वैंक खातामा उक्त रकम जम्मा भएको तर अध्यक्षले उक्त पिडित परिवारलाई हस्तान्तरण गरेको कुनै प्रमाण पेश नभएकोले सम्बन्धितले पाए नपाएको सम्बन्धमा एकिन हुन सकिएन । उल्लिखित प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु................ — बेरुजु रकम: ३५०००.००

५०. **पारीश्रमिक करः** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम कुनैपनि व्यक्तिलाई पारिश्रमिक वापतको रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष भुक्तानी गरेको तपशिलबमोजिमको रकममा नियमानुसार पारिश्रमिक — बेरुजु रकम: १६०६५.००

बजेट उप–शीर्षक:– विभिन्न	कार्यालय:–श्री चैनपुर नगरपालिकाको कार्यालय, संखुवासभा ।	आर्थिक वर्ष: २०७५/०७६
दफा नं	**भौचर, मिति र व्यहोरा**	**बेरुजु रकम**
	कर कट्टा नगरेकोले सम्बन्धितबाट असुल गरि दाखिला गर्नुपर्ने रु.......	

सि.नं	गो.भौ.नं, मिति	विवरण	भुक्तानी पाउने	भुक्तानी रकम	पारिश्रमिक कर	कैफियत
१.	१८१,०७५/ ११/२३	वडा नं ५ को सडकको अवस्था विश्लेषण गरेवापत सिभिल होम इन्जिनियरिङ कन्सल्टेन्सी लाई भुक्तानी ।	भिम बहादुर थापा	२९५००.००	४४२५.००	सम्झौता कन्सल्टेन्सीको नाममा भएतापनि उक्त संस्थाले मु.अ.कर विजक पेश नगरि भरपाईको आधारमा रकम बुझेको ।
			रमेश लिम्बु	८८००.००	१३२०.००	
			गोविन्द पौडेल	८८००.००	१३२०.००	
२.	४१८,२०७६/३/३१	न.प.का वडाहरुमा सफ्टवेयर संचालन सम्बन्धि तालिम ०७६।३।२५ देखी २६ सम्म	उमेश दाहाल	६००००.००	९०००.००	कर काटेर भुक्तानी गरेको तर गोश्वारा भौचरमा उल्लेख नगरि सम्पुर्ण रकम उमेह दाहाललाई भुक्तानी गरिएको ।
		जम्मा			१६०६५.००	

५१.	**नगर प्रोफाईल निर्माणमा दोहोरो भुक्तानी:** ४०७,२०७६।३।३० कार्यालयले नगर प्रोफाईल निर्माणको लागि स्मार्ट टिच सँग मिति २०७५।९।१६ मा रु.४९५०००।०० एकमुष्ठ भुक्तानी हुनेगरि सम्झौता गरेको छ । सम्झौता बमोजिम उक्त फर्मले पेश गरेको प्रतिवेदनमा गणकहरुलाई तालिम बापतको ११ जनाको २ दिनको रु.१०००.०० को दरले रु.२२०००।०० भुक्तानी गरेको देखिन्छ । तर कार्यालयले भौ.नं ३८०,२०७६।३।२६ मा उनै ११ जना गणकहरुलाई तालिम वापत रु.२२०००.०० भुक्तानी गरेको देखिएकोले सम्झौता बमोजिम फर्मले नै भुक्तानी गर्नुपर्नेमा कार्यालयबाट भुक्तानी गरेकोले दोहोरो भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.........	२२०००.००
५२.	**चैनपुर बजारमा ट्राफिक चिन्ह निर्माण:** १२३,२०७५।१०।१५ निर्माण कार्यको भुक्तानी गर्दा वास्तविक नाँपजाँचको आधारमा गर्नुपर्ने तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकम भुक्तानी गर्दा रित पुगे नपुगेको जाँच गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष जनचेतनामुलक कार्यक्रम चैनपुर बजार क्षेत्रमा ट्राफिक चिन्ह, जेब्रा क्रसिँग तथा अन्य चिन्हहरु रंगाउने कामको लागि रु.१,००,०००.०० इलाका प्रहरी कार्यालय चैनपुरलाई भुक्तानी गर्दा इनामेल लगाउने कामलाई रु.१६८००.००, व्रस रु.८००.०० इनामेल रु.७७०००.०० र मानिस द्धारा इनामेल लगाउने तथा पोल गाड्ने कामलाई रु.७५००.०० प्राविधिक मुल्यांकन गरेको छ । इनामेल रु.५००.०० को दरले खरिद गरेको विल पेश भएको तर प्राविधिकको विलमा इनामेल २२ लि.रु.३५०० का दरले रु.७७०००.०० मुल्यांकन गरेकोले वास्तविक मुल्यांकन भएको सम्बन्धमा विश्वस्त हुन सकिएन । इनामेल लगाउने कामदारको ज्याला र व्रस समेतको भुक्तानी भएको अवस्थामा ट्राफिक संकेत राख्ने फलामलाई प्रतिगोटा रु.३०००.०० पर्ने दर विश्लेषण गरेको देखिदैन । कार्यालयले वास्तविक दर विश्लेषण सहित खर्च एकिन गरि प्रमाण पेश गर्नुपर्ने रु.......	६६०००.००
५३.	**विद्युतिय उपकरण अनुदान:** १२८,२०७५।१२।२२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४३ अनुसार आफु वा कुनै खास व्यक्ति वा वर्गलाई फाइदा हुने गरि निकासा दिनु हुदैन तर वडा नं ६ को कार्यालयको च.न. ३१८ मिति २०७५।९।१९ को पत्रानुसार नव जनकल्याण सहकारी संस्था लि. लाई एक थान ल्यापटप (रु.५०,०००.००) तथा एक थान प्रिन्टर (रु.२५०००.००) उपलब्ध गराई रु.७५०००.०० भुक्तानी गरेको छ । यसरी कुनै संस्थालाई अनुदान दिँदा उक्त संस्था छनौटको मनासिव आधार र त्यसबाट सार्वजनिक सेवा प्रवाहमा प्राप्त हुने उपलब्धी विश्लेषण गरेर मात्र संस्थालाई अनुदान दिनुपर्नेमा सोझै उक्त संस्थालाई अनुदान दिएको विद्युतिय उपकरणको रकम नियम सम्मत नदेखिएको रु................	७५०००.००
५४.	**कर विजक:** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(१) मा करदाताले प्रत्येक कर अबधिको कर सो अबधि समाप्त भएको मितिले २५ दिन भित्र बुझाउनु पर्ने उल्लेख छ, साथै दफा १९(२) मा उक्त अबधिमा कर नबुझाएमा बाँकी रहेको रकममा वार्षिक १० प्रतिशतका दरले थप दस्तुर लाग्ने उल्लेख छ । कार्यालयले निम्नानुसारको फर्मलाई कर बीजकबाट रु. ५७९०२.८० मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा उक्त फर्म विगत लामो समयदेखि Non Filer रहेको तथा विजक	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	नम्वर हातले लेखेको लगायतका कैफियत देखिएकोले नियमावलीको व्यवस्था अनुसार मूल्य अभिवृद्धि कर रकम आन्तरिक राजश्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु..	५७९०२.८०

भौ.नं./मिति	फर्म	पान	विजक नं./मिति	बिल रकम	मू.अ.कर	कैफियत
३०७,०७६/३/११	दन्तकाली कन्स्ट्रक्सन प्रा.लि	६०२३९८३५८	१ वा ४ नबुझिने, २०७६।१।२५	३५६३१०.००	४०९९१.००	विजक नं २८ काटेर नबुझिने लेखेको
३८८,०७६/३/२६	जोशी आइरन स्टोर	६०१३२११०२	३७१,२०७६/३/२४	१४७००२.६०	१६९११.८०	विजक नं हातले लेखेको ।
	जम्मा				५७९०२.८०	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
५५.	**मेयर गोल्डकप:** कार्यालयले यस वर्ष मेयर गोल्डकप फुटवल आयोजना संचालन गरि रु. ३६४१९५१.५० भुक्तानी गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:	
५५.१.	४१९,२०७६।३।३१ १ नं प्रदेश स्तरीय मेयर गोल्डकप फुटबल प्रतियोगिता संचालन गर्न तयार गरिएको प्रस्तावनामा नगरपालिकाको अंश रु.३७,५६,३८७.०० र प्रायोजकबाट संकलन हुने रु.१५,५०,०००.०० गरि कुल लागत अनुमान रु.५३,०६,३८७ गरेको छ । प्रस्तावनामा कति टिम कहाँ-कहाँबाट सहभागि हुने, खेलाडीको व्यवस्थापन कसरी गर्ने, कुन कुन दिन कुन कार्यक्रम कसरी संचालन गर्ने, खर्च गर्दा मितव्ययिता र पारदर्शिता कायम गर्न अवलम्बन गर्नुपर्ने संयन्त्र र प्रकृयाहरु तथा कार्यक्रमको लागत अनुमान सहित कार्यक्रमको वृहत खाका तयार गर्नुपर्नेमा सो गरेको पाइएन । अत कार्यालयले कार्यक्रमको लागत र वृहत खाका तयार वेगर खर्च गरेको रकम नियमसम्मत मान्न सकिने स्पष्ट आधार देखिएन ।	
५५.२.	खर्च व्यहोर्ने स्रोतहरु एकमुष्ठ उल्लेख गरिएको, एकद्धार प्रणालीबाट खर्च गर्नुपर्नेमा विभिन्न ८ जना व्यक्तिलाई खर्च गर्ने शिर्षक छुट्याई पेश्की दिएको भएतापनि खर्चको विल भरपाई जाँच गर्दा दोहोरोपना प्रस्टै देखिन्छ । मुल आयोजक समितिका सदस्य सचिव टंकबहादुर रोक्काले पेश गरेको प्रतिवेदनमा कार्यक्रमका विभिन्न उपसमितिहरुले व्यवस्थित रुपमा आफ्नो जिम्मेवारी पुरा गर्न नसकेकोले खर्चमा दोहोरोपना, अनुमान भन्दा बढी खर्च र अनियमितता भएको भन्ने उल्लेख छ ।	
५५.३.	मेयर गोल्डकप फुटवल प्रतियोगितामा भएको खर्चको सम्बन्धमा मिति २०७६।३।२३ को कार्यपालिकाको वैठकले यस कार्याक्रममा रु.६४०,०५५.०० विभिन्न प्रायोजकहरुले व्यहोर्ने र कार्यालयले रु.४४,३६,२८६.०० व्यहोर्ने निर्णय गरेको छ । कार्यालयले भुक्तानी रु.३६,४१,९५१.०० भुक्तानी गरेको र बाँकी खर्च व्यहोर्ने स्रोत किटान नभएकोले वास्तविक खर्चको सम्बन्धमा एकिन हुन सकिएन । सदस्य सचिवेले पेश गरेको प्रतिवेदन बमोजिमको खर्च तथा बजेट देहाय बमोजिम रहेको छ ।	

सि.नं.	खर्च शीर्षक	लगत अनुमान	प्रतिवेदन बमोजिमको खर्च
१	प्रचार प्रसार	२५००००.००	११९८७०.००
२	अतिथी सत्कार	३०००००.००	८०६१०.००
३	स्वयमसेवक	१५००००.००	१०९२५०.००
४	खेल प्राविधिक व्यवस्था	२०००००.००	३०१४३७.००
५	खेल मैदान व्यवस्था	१०००००.००	१३६९००.००
६	खाद्य आभास	४०००००.००	७९४२५०.००
७	खेल सामाग्री	४५००००.००	३७४८७०.००
८	झांकी मार्चपास	८००००.००	२३५००.००
९	यातायात खर्च	१५००००.००	११८०००.००
१०	स्वास्थ्य खर्च	४००००.००	३८९५०.००
११	मञ्च व्यवस्था	१५००००.००	१५९९३९.००
१२	पुरस्कार	१५२६३८७.००	१२०१११०.००
१३	विविध	२५००००.००	९०५७५.००
१४	सहभागि सवै टिमलाई भुक्तानी	६२००००.००	५७००००.००
१५	आयोजक टिमका खेलाडिको पारीश्रमिक	४०००००.००	४६००००.००
१६	आयोजक टिमको कोचलाई पारीश्रमिक	८००००.००	८००००.००

बजेट उप–शीर्षक:– विभिन्न   कार्यालय:–श्री चैनपुर नगरपालिकाको कार्यालय, संखुवासभा ।   आर्थिक वर्ष: २०७५/०७६

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम

१७	रेफ्रि पारीश्रमिक	२०००००.००	२०००००.००
१८	प्रायोजक खोजी तथा व्यवस्थापन	१०००००.००	५९६९०.००
	जम्मा	**५४४६३८७.००**	**४९१८९५१.००**

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	प्रतिवेदकले नै तयार गरेको प्रस्तावना बमोजिम रु.५३,०६,३८७.०० लागत अनुमान देखिएतापनि अन्तिम प्रतिवेदनमा सो लागत अनुमानका शिर्षकहरुमा खर्च नभई नयाँ शिर्षकमा खर्च भएको पनि देखिन्छ । अन्तिम प्रतिवेदनमा समावेश भएको विनियोजित बजेट र प्रस्तावनाको विनियोजित बजेट भिडान गर्न सकिएन । कार्यक्रमको बजेट, संचालन प्रकृया र पेश भए सम्मका विल भरपाई कागजातका आधारमा कार्यालयले भुक्तानी गरेको रकम नियम सम्मत मान्न नसकिएको रु............	३६४१९५१.५०
५६.	**मेयरको विदेश भ्रमण:** ४२५,२०७६।३।३१ स्थानीय तहका पदाधिकारीले विदेश भ्रमण जाँदा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था रहेको छ । मेयर भरत कुमार खत्री २०७५।५।११ देखी ०७५।६।४ सम्म चिन भ्रमण जाँदाको रु.३९९५००.०० भुक्तानी भएकोमा मन्त्रालयको स्वीकृति वेगर भुक्तानी भएकोले नियमसम्मत मान्न नसकिएको रु.....	३९९५००.००
	वित्तीय समानीकरण पुजीगत	
५७.	४४-२०७५/१०/१५ वडा नं. ८ भूमिटोल बाटो सोलिङ उपभोक्ता समितिलाई रु. १६५८११।७४ लागत अनुमानमा खुद रु. १,५१,००६।१९ को कार्यक्रम नगरपालिकाले ९०% रु.१,३५,९०५।५७ व्यहोर्ने निर्णय अनुसार भूमिटोल बाटो सोलिङ चैनपुरलाई रु.१,३५,९०५। भूक्तानी दिंदा सडकमा ढुङ्गा सोलिङ कार्यको ४९.२० घन मिटर वापत रु.१,३३,०९८।३० समेत भूक्तानी हुँदा ढुंगाको खरिद दर प्रति घन मिटर रु.१४८४।८६ मा रु.१०५।८६ स्थानीय रोयल्टी समेत रहेकोमा सो रोयल्टी कुनै निकायलाई भूक्तानी नगरेकोले प्रति घन मिटर १०५।८६ ले बढी भुक्तानी हुन गएको रु.५२०८।३१ असुल गर्नुपर्ने रु.....	५,२०८।३१
५८.	**खोप केन्द्र तथा दलित सामुदायिक भवन निर्माण:** २००-०७६/१/१२ बाह्य खोप केन्द्र दलित समुदायिक भवन निर्माण, वडा नं. ६ ल.ई. २,३०,९६२।९४ (बाह्य खोपकेन्द्र तथा दलित वस्ती सामुदायिक भवन निर्माण समिति) लाई न.पा. ले २,००,०००। लागत व्यहोरी भूक्तानी गरेको छ । जसमा भवनको छानोमा काठको काम, छानो लगाउने, मगरा लगाउने जस्ता कायमा ल.ई. र सम्पन्न देखाई कार्यसम्पन्न र भूक्तानी देखाएको छ । उक्त निर्माण कार्यको लागि कुन कुन निकायले लागत सहभागिता जनाए कुन कुन निकायबाट सहयोग प्राप्त भएको छ भनि यकिन बेगर नगरपालिकाले विनियोजन र खर्च गरेको As Built Drawing Design बेगर भवन निर्माण गरेको, भवनको क्षेत्रफल खुलाई प्रति वर्गफिट नक्सा पास दस्तुर लिने वा मिनाहाको निर्णयबाट मात्र नक्सा पास इजाजत दिनुपर्नेमा सो नगरी एवं लागत सहभागिता एकिन नगरी भूक्तानी गरेको उपयुक्त देखिएन ।	
५९.	**विद्यालयको लागि जग्गा खरिद:** २१९-०७६/१/२४ जिल्ला आयोजना कार्यान्वयन इकाइ खाँदबारीबाट दुई कोठे भवन निर्माण गर्न बजेट विनियोजन भएको तर उक्त विद्यालयमा आवश्यक जग्गा नभएको भनी सूर्योदय आधारभूत विद्यालय, दुम्सीमारा चैनपुर न.पा. ५ संखुवासभाको लागि १६२ वर्ग मिटर जग्गा वडा नं. ५ कार्यालयको साझेदारीमा रु. २ लाखमा खरिद गर्ने र सो मध्ये यस न.पा.ले रु.१,३०,०००। व्यहोर्ने गरी उक्त विद्यालय व्यवस्थापन समितिको मिति २०७५/१०/१० को निर्णय अनुसार आङदी शेर्पा भन्ने व्यक्तिबाट उक्त जग्गा खरिद गर्ने निर्णय भए अनुसार यस नगरपालिकाबाट उक्त विद्यालयको नाममा निकासा गरेको छ । के कति दरमा कुन प्रकृयाबाट यसरी जग्गा खरिद गर्ने हो सो स्पष्ट नगरी वार्ताबाट लागत घटाउने वा अधिग्रहण गर्ने कुनै प्रकृया बेगर लागत सहभागिता जनाएको र विद्यालय तथा नगरपालिका बीच कुनै सम्झौता समेत नगरी कार्य गरेको मनासिव देखिएन ।	
६०.	**चैनपुर नुनढाकी गुफापोखरी सडक निर्माण:-** यस सम्बन्धमा देखिएका व्यहोरा हरु निम्न छन्:	
६०.१.	चैनपुर नुनढाकी गुफापोखरी सडक चेनेज ०+००० देखि २०+०५५ कि.मि. सम्म स्तरोन्नती कार्यका लागि थोदुङ कुन्सालिङ जे.भि. वीच सम्झौता भई कार्य भै रहेको अवस्थामा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागको ०७५/३/१७ च.नं. ४८ को पत्रबाट Donner (डेनमार्क) को Agent Office MC Programme Office UNNATTI धरानलाई हस्तान्तरण गर्नु भन्ने निर्देशन अनुसार २०७६ आषाढ मसान्तमा योजना, कार्यसम्पन्न जमानत, धरौटी समेत MC Programme Office UNNATTI धरानलाई हस्तान्तरण भई गएकोले जिल्ला समन्वय समितिबाट केहि कार्य नहुने जानकारी पठाएता पनि यस नगरपालिकाले निर्माण गर्ने नगर्ने	

बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री चैनपुर नगरपालिकाको कार्यालय, संखुवासभा। आर्थिक वर्ष: २०७५/०७६		
दफा नं	**भौचर, मिति र व्यहोरा**	**बेरुजु रकम**
	अवस्था सम्बन्धमा उक्त संस्थासँग समन्वय नगरी योजना ठेक्का लगाई कार्यान्वयन चरणमा प्रवेश गरेपछि मात्र जिल्ला समन्वय समितिलाई समन्वयको लागि पत्र लेखेको मनासिव देखिएन।	
६०.२.	साविकमा जिल्ला प्राविधिक कार्यालयले ०+००० देखि २०+०५५ सम्म सडक स्तरोन्नती गर्न एउटै संस्था छनौट गरी निर्माण शुरु गरेकोमा साविक मेजरमेन्टलाई ध्यान नदिई एवं त्यस सम्बन्धी सम्बन्धित निकायबाट यस नगरपालिकालाई हस्तान्तरण प्राप्त नभई निर्माण कार्य गरेको, साविकको निर्माणको मेजरमेन्ट एकिन नगरी लागत अनुमान गरेकोले हालको ठेक्काको लागत अनुमान सहि र यथार्थ छ भन्न सकिने आधार छैन।	
६०.३.	उक्त खण्डमा आ.व. २०७४/७५ मा ठेक्का लगाउँदा Cross Drainage (Causeway Slab Culvert Homepipe Calvert Drain) एवं स्थान विशेषको आधारमा राखी ढलान गरी सडक निर्माण गर्ने कार्य भएको भनी १७१.६० घन मिटर ढलान सडक कजवे समेत गर्न उपभोक्ता समिति मार्फत कार्य अगाडि बढाइएको छ। कुल लागत कन्टिन्जेन्सी समेत रु.१०२५६९४०।४२ को निर्माण कार्य गर्न मिति २०७५/१०/२४ को कार्यपालिका बैठकको निर्णय अनुसार चैनपुर पोखरी सडक कालोपत्रे गर्नका लागि नगरी नहुने भनि सडक स्तरोन्नती उपभोक्ता समिति चैनपुरसँग मिति २०७५/११/१७ मा सम्झौता गरेकाले नियमित नदेखिएको रु.	१,०२,५६,९४०।४२
६०.४.	चैनपुर पोखरी सडक कालोपत्रे गर्ने सम्बन्धमा २०७५/१०/१५ को कार्यपालिकाको बैठक बमोजिम प्राविधिकबाट लागत अनुमान ड्रइङ, डिजाइन तयार गर्न लगाउने निर्णय भए अनुसार रु.१,७१,१७,२०४।६० को लागत अनुमान तयार भएको र उक्त कार्य साविकको ठेक्का सूचना र सम्झौता भन्दा बाहिरको निर्माण कार्य भएकोले ठेक्का प्रकृयामा जाँदा समय अभाव भएको हुँदा ठेकेदारले समयमा काम सम्पन्न गर्न नसक्ने र सडक स्तरोन्नतीको कार्य पुरा नभएसम्म सडक कालोपत्रे गर्ने कार्य प्रभावित हुने देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को दफा ९७ बमोजिम उपभोक्ता वा लाभग्राही समितिबाट गराउने भनी मिति २०७५/१०/२४ को कार्यपालिकाको बैठकले निर्णय गरे अनुसार कुल लागत रु.१,७१,१७,२०४।६० को निर्माण कार्यको लागत टुक्रापारी रु. ९९,८७,२१८।५६ को मात्र निर्माण कार्य प्रकृया शुरु गरेको कारण उक्त खण्डको निर्माण पुरा गर्न आवश्यक क्रस ड्रिनेजको कार्य पुरा नहुने र पुनः उपभोक्ता समिति एवं ठेक्का मार्फत क्रस ड्रिनेजको कार्य गराउनु पर्ने अवस्था सिर्जना हुने समेत देखिएकाले सो बाट टुक्रापारी उपभोक्ता मार्फत कार्य गराउन तेण्डी शेर्पा अध्यक्ष रहेको समितिलाई विभिन्न ८ स्थानमा कजवे स्ल्याव निर्माण गरेको भनी भौ.नं. २२७/१/२४ बाट रु.४३,९५,१२३। प्रथम रनिङ बील भूक्तानी दिएको मनासिव देखिएन।	
६०.५.	यदि साविकमा निर्माण कार्य गर्दा प्याकेज तयार गरी एकमुष्ट लागत अनुमानबाट समयमै ठेक्का व्यवस्थापन हुन सकेको भए एकातिर समयमा काम सम्पन्न हुन सक्ने थियो भने अर्कोतर्फ हाल बोलपत्र छल्ने उदेश्यले प्रतिष्पर्धा बेगर निर्माण कार्य उपभोक्ता समितिलाई दिंदा लागत प्रतिष्पर्धा हुन सकेको छैन। साथै साविकको निर्माण व्यवसायी मार्फत भेरिएसनमा कार्य गराएको अवस्थामा साविककै अनुसारको वार्ताद्धारा छुट गराउन सकिने अवस्था विकल्पको रुपमा रहने थियो जसले गर्दा न्यून लागतमा काम गराउन सक्ने अवस्था रहने थियो। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ताको योगदान नहुने कार्य उपभोक्ता समिति मार्फत गराएकोले १० प्रतिशत उपभोक्ताको योगदान मान्दा पनि रु.९,९८,७२१।०० लागत बढ्न गएकोले उपभोक्ताको लागत न्यून हुने गरी मितव्ययी तरिकाले योजना संचालन हुन सकेको देखिंदैन।	
६१.	**चैनपुर पोखरी सडक कालोपत्रे गर्ने कार्य:** चैनपुर नगर कार्यपालिकाको २०७५/९/१ को निर्णय अनुसार तत्काल सम्झोता अनुसार कार्य नगरेकोले कार्य शुरु गर्न ताकेता गरेको देखिन्छ। पहिले ५% को दरले रु.२७,६०,०००। पेश्की दिएकोमा रु.८२,८०,०००। थप गरी २० प्रतिशत रु.१,१०,४०,०००। गत वर्ष पेश्की दिएकोमा मिति २०७५/१/२० मा भएको सम्झौता अनुसार ३ मे. २०१९ अर्थात मिति २०७६/१/२० सम्म सम्पन्न गर्नुपर्नेमा लेखापरीक्षण अवधि सम्म म्याद थप नभएकाले परफरमेन्स ग्यारेन्टी, पेश्की ग्यारेन्टी समेतको म्याद थपको लागि पहल गरी ठेक्का अंक (मूल्य अभिबृद्धि कर बाहेक) रु.५,५९,९२,७३६।८८ को सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम सम्झौता अंकको ०.०५ प्रतिशत प्रतिदिनको दरले लेखापरीक्षण अवधि मिति २०७६/५/२० सम्म लाग्ने १२६ दिनको रु.३५२७५४२।४२ हर्जना लगाई बाँकी कार्य सम्पन्न गराउनुपर्नेमा स्पष्ट आधार वेगर एक वर्ष म्याद थप गरेको मनासिव देखिएन।	

बजेट उप–शीर्षक:– विभिन्न   कार्यालय:–श्री चैनपुर नगरपालिकाको कार्यालय, संखुवासभा ।   आर्थिक वर्ष: २०७५/०७६

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
६२.	१८८-०७५/१२/२२ ई.रिवज खत्रीको नामको पूँजिगत अनुसन्धान तथा परामर्श पेश्की रु.२,००,०००। फछ्यौट भएकोमा निम्न व्यहोरा देखिएका छन्:- (क) पोखरी मयुम पोक्लाबुङ हुँदै गुफा पोखरी जोड्ने सडक स्तरोन्नतीको सर्भे गर्ने कार्य वापत उक्त रकम भूक्तानी भएतापनि प्रतिवेदन प्राप्त नभएको । कुनै संस्था एवं व्यक्तिको Proposal पेश नगरेको र उक्त प्रतिवेदन कार्यालयमा कार्यरत ईन्जिनियर आफैंले बुझेको देखिएकोमा उक्त कार्य कार्यालय समयमा गरेको हो वा कार्यालय समय बाहिर भएको हो नखुलेको साथै निजले के कुन अतिरिक्त समयमा कार्य गरे वापत कन्टिन्जेन्सीबाट सुविधा लिई रहेको अवस्थामा त्यसरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ अनुसार कार्य क्षेत्रगत शर्त र सम्झौता वेगर कार्य गरेको भनी भूक्तानी लिएको रकम नियमित नदेखिएको रु.	२,००,०००।
६३.	सामान खरिद, खाजा खर्च, कार्यक्रम खर्च, आर्थिक सहायता जस्ता विषयमा समेत सम्बन्धित वडालाई सिधै रकम भुक्तानी गर्नुपर्नेमा वडाअध्यक्ष आफैंले यो वर्ष निम्नानुसार रकम बुझेको देखिंदा यस नगरपालिकाको नीति निर्माण गर्ने र कार्यान्वयन गराउने जिम्मेवारी बोकेको वडाअध्यक्षज्यूहरुले नै आर्थिक कारोवारमा संलग्न रहँदा जनप्रतिनिधिहरु माथि प्रश्न खडा हुन जाने भएकाले आफू प्रत्यक्ष संलग्न नहुने विषयमा यसरी आफैं वियरर चेक वा नगद बुझेको मनासिव देखिएन ।	

वडा नं.	वडाअध्यक्षज्यूहरुको नामथर	बुझेको रकम
१	लोक बहादुर श्रेष्ठ	२,६४,१४०।
३	बल बहादुर अधिकारी	१,६१,१३७।
४	धन बहादुर तामाङ	४,५२,६८२।
५	काली बहादुर लिम्बु	९,७१,५४७।
६	नेत्र बहादुर डाँगी	१,१३,८००।
७	पदम बहादुर तामाङ	२,३८,१०१।
८	भरत खड्का	१,५३,२३४।
९	टिकाराम तामाङ	५,५२,७१२।
१०	तेज बहादुर कटुवाल	३,९३,५३३।
११	धर्मराज चौहान	१,९५,०१०।
जम्मा		**३४,९५,८९६।**

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
६४.	**उपभोक्ता समिति मार्फत निर्माणमा बोर्ड, छाप, मसलन्द जस्ता सामान भनी एकमुष्ठ रकम राखी लागत अनुमान तयार गरेको:-** सामान्यतया उपभोक्ता समिति लाभग्राही समुदायबाट रहने र त्यस्ता समिति नाफामुखी नभई आफैंले सदस्यहरुबाट रकम उठाई आम्दानी गर्ने र खर्च गर्ने Stakeholder को समूह हो । त्यस्ता समूहबाट कृयाकलाप संचालन गर्दा समेत नगरपालिकाले सबै योजनामा रु.४५००। देखि १५००० सम्म मसलन्द रकम राखी लागत अनुमान तयार गरेको छ । करिब ३५० योजनामा यसरी रकम लागत अनुसार गर्दा वास्तविक लागतलाई ध्यान नदिई एकमुष्ट विनियोजन गरेकोले ठूलो रकम लागत बढ्न गएको छ । यस्तो अवस्था नियन्त्रण हुनुपर्दछ ।	
६५.	**योजना तर्जुमा तथा कार्यान्वयन:-** यस सम्बन्धमा निम्न व्यहोरा रहेका छन:-	
६५.१.	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने त्यस्ता योजना नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उदेश्य, समयसीमा र प्रकृयासँग अनुकुल हुनेगरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, लैगिंक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यानदिनु पर्ने व्यवस्था छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, दिगो विकास, वातावरणीय संरक्षण र सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने जस्ता योजनालाई प्राथमिकता दिनुपर्ने, योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गर्नुपर्ने व्यबस्था छ । कार्यालयले यो वर्ष सभाबाट पारित योजनामा रकमान्तर गरी साविकको उदेश्यमा परिवर्तन	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	गरेको, एकमुष्ट रुपमा भैपरी आउने, विविध कोष, शिक्षा क्षेत्र, खानेपानी तथा सिंचाई, समपुरक तथा साझेदार, पर्यटन प्रवर्द्धन, लक्षित वर्ग कार्यक्रम, विविध, महिला पुरुष समविकास तालिम जस्ता कार्यक्रममा एकमुष्ट विनियोजन गरेकोमा कार्यपालिकाले योजना टुक्रा पारेको अबस्था छ । नगर स्तरीय योजनामा मात्र ३९ वटा योजना एकमुष्ट रुपमा तयार गरी नगरसभाबाट पारित भएकोमा कार्यान्वयन हुँदा ८२ वटा योजना तथा कार्यक्रममा खर्च गरेकोले योजना संचालनमा विनियोजन दक्षता नदेखिएको र भैपरी आउने शीर्षकमा समेत नगरपालिकाबाट खर्च गरेको मनासिव देखिएन ।	
६५.२.	**वडागत भैपरीबाट आयोजना संचालनः** नगरपालिकाको अतिरिक्त वडा कार्यालयहरुको योजना संचालन हुँदा समेत भैपरी आउने शीर्षकमा अनुसूची **'क'** बमोजिमका १७ योजनामा खर्च रु.११,८२,४४०।०० भएको छ । यसरी भैपरी आउने शीर्षकमा रकम विनियोजन गरी सोही शीर्षकबाट खर्च गर्ने परिपाटीमा अविलम्ब सुधार हुनुपर्दछ ।	
६५.३.	**उपभोक्ता समितिद्धारा हेभी मेशिनरी औजार प्रयोग गरी योजना संचालनः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, बिटुमेन, डिष्ट्रिब्युटर, बिटुमिन, ब्लाइटर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नसकिने व्यबस्था छ । यस नगरपालिकाले उक्त व्यवस्थाको प्रतिवन्धात्मक वाक्यांश अनुसार लागत अनुमान तयार गर्दाको समयमानै हेभी मेशिन प्रयोग गरी संचालन गर्ने गरी विभिन्न ९५ योजनामा उपभोक्ता समिति मार्फत यो वर्ष रु.११,०२,४९,४३९।४० खर्च गरेकोले सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७ (९) को मनसाय अनुकुल देखिंदैन । यस्तो अवस्थामा सुधार हुनु पर्दछ ।	
६६.	**वियरर चेकबाट भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (८) मा रु.२५ हजार भन्दा बढी रकम भूक्तानी गर्दा एकाउण्ट पेयी चेकको माध्यमबाट भूक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नेपाल सरकारले बैकिङ प्रणाली मार्फत सार्वजनिक निकायको कारोबार गर्न प्रोत्साहन गर्ने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष रु. ५ हजार भन्दा बढी ४ वटा योजनाको भूक्तानी रु.२,५३,१८५। र रु.२५ हजार भन्दा बढी रकमको १३ वटा योजनाको रु.४,६१,४७०।२३ गरी जम्मा रु.७,५२,३८५।२३ नगदै भूक्तानी गरेकोले नियमानुसार बैंक मार्फत कारोवार गर्नु पर्दछ ।	
६७.	**म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि सम्बन्धी व्यवस्था रहेको छ । त्यसैगरी सोही ऐनको नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने व्यवस्था छ । तर उपभोक्ता मार्फत काम गर्दा निर्धारित गुणस्तर र समयमा काम सम्पन्न गर्ने अपेक्षा गरी लाभग्राही मार्फत काम संचालन गर्ने उदेश्य राखिएकाले उपभोक्ता समितिको म्याद थप गर्ने व्यवस्था देखिंदैन । तर यस नगरपालिकाले अनुसूची ५ मा उल्लेखित भए बमोजिमका २२ वटा योजनाको प्रावधान विपरित र कुनै मनासिव कारण उल्लेख नगरी म्याद थप गरेको मनासिव देखिंदैन ।	
६८.	स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत दफा २५ मा नगरपालिकाले योजना कार्यान्वयन गर्दा गैर सरकारी संस्था, सहकारी संस्था लगायतका सामाजिक एवं सामुदायिक संस्थासँग समन्वय गर्नुपर्ने व्यवस्था छ । यसरी समन्वय गर्दा लागत सहभागिता बढ्ने, लागत कम हुने अवस्था रहेकोमा समन्वय नगरी साविकको नाप नलिई एवं हस्तान्तरणको प्रकृयाबाट औपचारिक प्राप्त नगरी निर्माण कार्य गरेको छ । उदाहरणका लागि निम्नानुसार अवस्था रहेको देखिन्छ । यस्तो अवस्थामा सुधार हुनुपर्दछ ।	

अन्य निकायले गत वर्षहरुमा बनाएको सडक भवन मा थप भएको आयोजनाको बिबरण

क्र.सं.	आयोजनाको नाम	वडा नं.	रकम रु	पहिले काम गर्ने निकाय	खर्च	उद्येश्य	कैफियत
१	चैनपुर पोखरी कालोपत्रे गर्नको लागि नगरी नहुने स्तरोन्नती कार्य	६,५, ३	८९८८४९६	उन्नती संस्था	४१९७३४३.३९	सडकको कजवे निर्माण तथा अप्ठ्यारोमा ढलान	
२	श्री शारदा मा.वि. त्रिशुले भवन	९	२५००००००	जि.शि.का./ सोडेक	२५०००००	भवन निर्माण गर्ने	

बजेट उप–शीर्षक:– विभिन्न	कार्यालय:–श्री चैनपुर नगरपालिकाको कार्यालय, संखुवासभा ।	आर्थिक वर्ष: २०७५/०७६

	निर्माण						
जम्मा			११४८८४९६	जम्मा	६६९७३४३.३९		

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
६९.	**म्याद थप:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरीद संझौता बमोजिमको काम त्यस्तो संझौता अवधि भित्र पूरा गर्न नसकिने भएमा अधिकार प्राप्त अधिकारीले म्याद थप गर्न सक्ने उल्लेख छ । निर्माण व्यवसायी पुष्पाञ्जली कन्स्टक्सनसँग १५ मे १०१८ मा नगरपालिका कार्यालय चैनपुरको भवन निमाण सम्झौता बमोजिम मिति २०७६।२।१ मा सम्पन्न गर्ने अवधि उल्लेख गरेकोमा सो अवधि भित्र कार्य सम्पन्न भएको देखिएन उक्त कार्यको कार्यालयले म्याद थप गरेको अवस्था समेत नदेखिएकोले भवन निर्माण सम्बन्धमा देखिएका ब्यहोरा निम्न अनुसार छन ।	
६९.१.	**पुर्व निधारित क्षेतिपुर्ति:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपुर्तिकर्ता परामर्शदाता,सेवा प्रदायक वा निमार्ण ब्यावसायीको ढिलाइको कारणले खरद्रि सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सावजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतले नबढने गरी प्रति दिन शुन्य दशमलब शुन्य पाँच प्रतिशत पुर्वनिधारित क्षेतिपुर्ति दिनु पर्ने ब्यवस्था छ । यस कार्यालयले नगरपालिकाको कार्यालय भवन निमार्णको लागी भ्याट बाहेक रु, २,७४,५८,९९९।९८ मा मिति २०७६।२।१ गते सम्पन्न गर्ने गरी पुष्पाञ्जली कन्स्टक्सनसँग सम्झौता गरेकोमा उक्त समय भित्र निमार्ण कार्य सम्पन्न भएको देखिएन र ठेक्काको म्याद समेत थप नभएको अवस्था देखिएको र कार्यको प्रगति करिव ३० प्रतिशत मात्र पुरा भएको देखिएकोले कार्यालयले नियमावलीको प्रक्रिया पुरा गरी निज निमार्ण ब्यावसायीसगँ गरेको सम्झौता रकम १०५ दिनको हुन आउने रु १४,१४,१३८।५० पुर्व निधारित क्षेतिपुति असुल गरी भवन निर्माण गराउनु पर्ने देखिएको रु.	१४,१४,१३८।५०
६९.२.	**एज विल्ट ड्रईङ्:** सार्वजनिका खरीद नियमावली २०६४को नियम १२५(१)मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । यस नगरपालिका कार्यालयले पुष्पाञ्जली कन्स्टक्सन प्रा.लि लाई प्रथम रनिङ बिलको रकम भुक्तानी दिदा नै AS Built वापतको रकम रु १,०८,०००।०० भुक्तानी दिएको छ भवन निर्माण भैसकेपछि निर्मित भवनको ड्रईङ पेश भएपछि मात्र भुक्तानी दिनु पर्नेमा पहिले भुक्तानी गरेकोले सो रकम असुल गरि नगरपालिका सञ्चित कोषमा दाखिला गर्नु पर्ने देखिन्छ । र भुक्तानी दिने पदाधिकारीहरुलाई जिम्मेवारी बनाउन पर्ने देखिएको रु.,	१,०८०००।००
६९.३.	**विमा पेश नभएको :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ (१) मा रु १० लाखभन्दा बढीको निर्माण कार्यमा काम शुरु हुनु अघि नै निर्माण व्यवसायीले कामदार , मेशीन उपकरण र कामको बीमा गराउनुपर्ने उल्लेख छ । नगरपालिका कार्यालय भवन निमार्णको लागी ठेक्का आइटममा रु १,९९,३११।८१ ब्यवस्था गरेकोमा पुष्पाञ्जली कन्स्टक्सनले बिमा वापतको उक्त रकम पुरै भुक्तानी लिएकोमा बिमा वापत रु ११,३३३। को बिमा पोलिसी वापत भुक्तानी दिइ २०७६।२।१ गते सम्मको मात्र बिमा गराएको देखिएकोले कन्स्ट्रक्सनले भुक्तानी लिएको उक्त रकमबाट निमार्ण कार्य सम्पन्न नभएसम्मको बिमा गराएको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने देखिएको रु.......	१,८७,९७८।८१
६९.४.	गो. भौ.न २०।२०७५।९।११ बाट पुष्पाञ्जली कन्स्टक्सन प्रा. लि लाई प्रथम रनिङ बिल वापतको रु ५७,८१,२६८।०० भुक्तानी गर्दा सम्झौतामा उल्लेख भए बमोजिम प्रत्यक भुक्तानीमा २० प्रतिशतका दरले मोबिलाइजेशन पेश्की कटटा गर्नु पर्ने भनी उल्लेख भएकोमा निजको नाममा कायम रहेको रु.४७,८०,०००।०० पेश्की रकमको २० प्रतिशतले हुन आउने रु ९,५६,०००।०० कटटी गरेको देखिएन । अत कानुनमा भएको प्रक्रिया परिपालना गर्न तर्फ भुक्तानी दिने पदाधिकारीले जवाफदेही हुनु पर्ने देखिन्छ ।	
६९.५.	**कार्यसम्पादन जमानत :** सार्वजनिक खरिद नियमावली २०६४ को दफा ११०(१)मा ऐनको दफा २७(४) बमोजिमको कार्यसम्पादन जमानत पेश गर्नु पर्ने ब्यवस्था छ । नगरपालिका भवन निमार्णको लागी पुष्पाञ्जली कन्स्ट्रक्सन प्रा.लि.ले पेश गरेको कृषि बिकास बैकंको कार्यसम्पादन जमानतको म्याद मिति २०७६।२।१ मा समाप्त भएकोले कार्यसम्पादन जमानत (बैक ग्यारेन्टी) म्याद थप गरेको प्रमाण पेश गर्नु पर्ने छ । अन्यथा कानुनी प्रक्रिया पुरा गरी भवनको निमार्ण कार्य सम्पन्न गराउनु पर्ने देखिन्छ ।	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम

७०. **नापी किताव**: निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ। प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो। उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन। यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ। साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ भने कतिपय निर्माण कार्यको नापी किताब समेत राखेको नदेखिएका केही उदाहरण निम्नाअनुसार छन। अत कार्यालयले नापी किताब व्यवस्थित गरी राख्नु पर्दछ।

सि.न	गो.भ.न.र मिति	आयोजनाको नाम	भुक्तानी रकम
१	७४।२०७५।१०।२९	डाँडागाउ कुवडुले सडक निर्माण	३,९८,७७४।००
२	७७।२०७५।११।१	चापाभाई वेलबोटे सडक निर्माण	९९,८२७।००
३	७८।२०७५।११।२	बाणीविलासी केरावारी सडक निमार्ण	११,४९,४०६।००

७१. **कर दाखिला :** आयकर ऐन २०५८ को दफा ८९ अनुसार करार वा ठेक्का रकम र मालसामान खरिदमा १.५ प्रतिशतका दरले, अग्रिम कर कट्टा गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिका कार्यालयले सिद्धकाली मन्दिर पुन निर्माण तथा सिद्रकाली सडक निमार्ण को लागी रु ८५,२८,९९६।६१ को भुक्तानीमा अग्रीम कर कटटी हुनु पर्ने रु १२७९३४।०० कटटी गरेको देखिएन। अत: उक्त रकम सम्बन्धितबाट असुल गरी राजस्व खातामा दाखिला हुनु पर्ने रु.... १२७९३४।००

७२. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार खर्च भुक्तानी गर्दा रीत पुगे नपुगेको विलभरपाई रहे नरहेको जाँच गरि खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। गो.भौ. नं. २५०, मिति २०७६।०२।१६ को भौचर बाट खराङ मझुवा कल्लेरी ईखुम्वा सडक ममर्त उपभोक्ता समितिको नाममा रु. १०९६५१०।०० भुक्तानी भएको छ। उक्त भुक्तानीको सम्बन्धमा उपभोक्ता समितिले जनश्रमदान र मसलन्द खर्च बाहेक माटो खन्ने र मध्यम तथा कडा ढुङ्गा काट्ने काममा ऐक्साभेटर मेशिन १५६ घण्टा प्रयोग बापत रु.१०५७६८०।०० को विल पेश गरेको छ। संलग्न प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन अनुशार जनश्रमदान र मसलन्ध खर्च बाहेक एक्साभेटर मेशिन प्रयोगको खर्च रु.१०८४४१६।००, भएको मुल्याङ्कन गरि फाईनल विल तयार गरेको र सोही अनुशार भुक्तान भएको देखिएकोले बढि भुक्तानी भएको रकम रु. २६७३६।०० असुल हुनुपर्ने रु., २६७३६.००

७३. **नयाँ बस्तीमा पाईप खरिद**: २७६, २०७६।२।२८ कार्यालयले उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा वास्तविक नापजाँचको आधारमा गर्नुपर्दछ। नयाँ वस्तीमा पाईप खरिद वडा नं ६ योजना अर्न्तगत प्राविधिकको लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन तपशिल बमोजिमको रहेकोमा उपभोक्ताले २० mm को पाईप ७०० मिटर मात्र खरिद गरेको विल भरपाई पेश गरेकोले वास्तविक कामको मूल्यांकन नगरि कार्यसम्पन्न प्रतिवेदन जारि गर्ने प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाई बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु....... १३५७७.००

प्राविधिक मुल्यांकन				**उपभोक्ताले खरिद गरेको**				
पाइप	**परिमाण मि.**	**दर**	**जम्मा रकम**	**पाईप**	**परिमाण मि**	**प्राविधिक दर**	**जम्मा**	**फरक**
40mm	१४८	१७२.७	२५५५३.६८	20mm	७००	४०.३५	२८२४५.००	
32mm	१४५	११२.२	१६२६९.००					
जम्मा			**४१८२२.६८**				**२८२४५.००**	**१३५७७.००**

७४. **शारदा मा.वि.भवन निर्माणमा बढी भुक्तानी**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष शारदा मा.वि भवन निर्माणको प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन बमोजिम अन्तिम विलमा रु.५२०४६८.३३ भुक्तानी गर्नुपर्नेमा रु.५३१,५३५.०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.११०६७.०० असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु......... ११०६७.००

७५. **सात टारे देखी अरुण नदी किनारसम्म जाने बाटो निर्माण**: २८५,२०७६।३।१६ कार्यालयले यस वर्ष सातटारे देखी अरुण नदी किनारसम्म जाने बाटो निर्माण योजनामा ७२३ मि. बाटो निर्माण

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	अर्न्तगत रु.११३८७२.०० को लागत अनुमान स्वीकृत भई उपभोक्ता समितिले व्याक हो लोडरले बाटो काटेको रु.६९८३४.०० को विजकल पेश गरेको र बाँकी रु.३००००.०० को खराङ्ग ढुवानी सेवाको विजक बाट माटो परीक्षण गर्ने मेशिन खरिद गरेकोकोले योजना भन्दा बाहिरको रकमबाट गरिएको खरिद नियम सम्मत नदेखिएको रु............	३००००.००
७६.	**कर विजक** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(१) मा करदाताले प्रत्येक कर अबधिको कर सो अबधि समाप्त भएको मितिले २५ दिन भित्र बुझाउनु पर्ने उल्लेख छ, साथै दफा १९(२) मा उक्त अबधिमा कर नबुझाएमा बाँकी रहेको रकममा वार्षिक १० प्रतिशतका दरले थप दस्तुर लाग्ने उल्लेख छ । कार्यालयले निम्नानुसारको फर्मलाई कर बीजकबाट रु.६३८३९.००मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा उक्त फर्म विगत लामो समयदेखि Non Filer रहेको तथा विजक नम्वर हातले लेखेको लगायतका कैफियत देखिएकोले नियमावलीको व्यवस्था अनुसार मूल्य अभिवृद्धि कर रकम आन्तरिक राजश्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.	६३८३९.००

भौ.नं./मिति	फर्म	पान	विजक नं./मिति	बिल रकम	मू.अ.कर	कैफियत
३०२,०७६/३/२५	जोशी आइरन स्टोर	६०१३२११०२	३६५,०७६/३/२३	४४२००.००	५०८५.००	विजक नं हातले लेखेको
२८४,०७६/३/१३	जोशी आइरन स्टोर	६०१३२११०२	३२८,०७६/३/७	४४८६८.३५	३९७९५.००	विजक नं हातले लेखेको
२९०,०७६/३/१८	धर्मदेवी कन्स्ट्रक्सन	६०५९२८०९७	९२,०७६/३/१५	४८८१६.००	५६१६.००	nonfiler since 075m9
३१४,०७६/३/३०	धर्मदेवी कन्स्ट्रक्सन	६०५९२८०९७	५३,०७६/३/१०	१००६८३.००	११५८३.००	nonfiler since 075m9
२९७,०७६/३/२१	जोशी आइरन स्टोर	६०१३२११०२	३१२,०७६/२/७	१५३००.००	१७६०.००	विजक नं हातले लेखेको
	जम्मा				**६३८३९.००**	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	सडक बोर्ड	
७७.	पोखरी आर्युर्वेद कार्यालय चोक देखि खत्रीगाउँ जाने सडक स्तरोन्नती गर्न आ.व. २०७४/७५ लागत अनुमान रु.४२,१२,६०८।८० रहेको देखिन्छ । भवन विभाग अन्तर्गतको भवन डिभिजन कार्यालय धनकुटा अन्तर्गतको शहरी सडकले समेत निर्माण गरिरहेको व्यहोरा मिति २०७६/५/९ को फिल्ड अनुगमनबाट देखिन आएको छ । यसरी साविकमा अन्य निकायले निर्माण गरिरहेको योजनामा यस नगरपालिकाले समेत रकम विनियोजन र खर्च गरेको मनासिव देखिंदैन । यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्:-	
७७.१.	आ.व. २०७४/७५ मा रु.४२१२६०८।८० मध्ये रु. ७२५१७२।६८ प्रथम किस्तामा र दोस्रो किस्ता स्वरुप यो वर्ष भौ.नं. २-२०७५/०७/१३ मा रु.२०,७९,७१९। भूक्तानी गरेको छ । गत वर्षको भूक्तानी दिन बाँकीको जिम्मेवारी प्रमाणित नगरी यो वर्ष भक्तानी गरेको मनासिव देखिएन ।	
७७.२.	सोही स्थानमा यो वर्ष मिति नखुलाई पुनः रु.४२,७२,४२८।२५ को लागत अनुमान स्वीकृत गरिएको छ । गत वर्षको बाँकी कार्य सम्पन्न नगरी पुनः लागत अनुमान तयार गरेको छ । जस अनुसार २०७६/२/१२ मा उक्त उपभोक्ता समितिसँग माटो खनी ग्रेड डाउन गर्ने, सोलिङ, रिटेनिङ वाल, रड राखी RCC ढलान गर्ने कार्यको लागि सम्झौता भएको छ । तर उक्त स्थान मध्ये पोखरी देखि खत्रीगाउँ जाने बाटोको २६० मिटर सम्म सहरी विकास डिभिजन, धनकुटाबाट समेत ढलान निर्माण कार्य गरेको बुझिन आएको छ । जस अनुसार उक्त डिभिजनका साइट इन्जिनियर भिम बहादुर थापा (मो.नं. ९८५२०५०९२६ सँग मिति २०७६/५/९ मा सम्पर्क गर्दा (०+०००-०+२६०M) सम्म ढलानको कार्य उक्त डिभिजनबाट गरेको स्वीकार गरेको र उक्त स्थानमा यस कार्यालयबाट (०+०००-०+०५०) मा ५० घन मिटर माटो कटिङ गरेको प्रति घन मिटररु.६३३।४५ ले (मानिसले कटिङ गरेको) रु.३१,७७२।५० र (०+०००+१५०) सम्म सोलिङ वापत प्रति घन मिटर २३९९।८५ को दरले हुने रु.१,१९,९९२।५० समेत गरी जम्मा रु.१,५१,७६५। भुक्तानी दिएकोले दोहोरो भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.	१,५१,७६५।
७७.३.	यस नगरपालिका भित्र यसरी नै अन्य निकायले गरेको काममा हस्तान्तरण नगरी दोहोरो पर्ने र चेनेज अस्पष्ट हुने गरी योजनाको छनौट र निर्माण गर्ने कृयाकलाप अन्य योजनामा पनि हुन	

बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री चैनपुर नगरपालिकाको कार्यालय, संखुवासभा। आर्थिक वर्ष: २०७५/०७६		
दफा नं	**भौचर, मिति र व्यहोरा**	**बेरुजु रकम**
	सक्ने भएकाले छानविन गरी विभिन्न निकायबाट एउटै स्थानमा एकै आर्थिक वर्षमा बजेट योजना संचालन, खर्च र भूक्तानी गर्ने कार्य तत्काल नियन्त्रण हुनुपर्दछ।	
७८.	**अनुगमन मुल्यांकनः** स्थानिय सरकार संचालन ऐन २०७५को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्ष ले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने व्यवस्था छ। यस गाउपालिकामा आर्थिक बर्ष २०७५।७६ मा सडक बोर्डदारा संचालित पोखरी देखी खत्री गाउ जाने सडक योजना सम्पन्न भएको प्राबिधिक प्रतिबेदनका आधारमा रु.२८,३७,८२६।०० खर्च भुक्तानी गरेकोमा सोको नगरपालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनगमन तथा सुपरिबेक्षण गरी प्रतिबेदन पेश गरेको देखिएन। नगरपालिकाद्धारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भन्ने नगरपालिकासंग आधिकारिक समिक्षा तथा अनुगमन प्रतिबेदन छैन। अत यसले गर्दा नगरपालिकाद्धारा संचालित उक्त योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट र आधिकारिक समिक्षा देखिन्न। नगरपालिकादारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन,२०७४ मा उल्लेख भएको व्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षण गरी अभिलेख प्रतिबेदन राख्नु पर्ने देखिन्छ।	
७९.	**प्रमाण वेगरको भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिका कार्यालयले पोखरी खत्री गाउ जाने सडक मर्मतको लागी रकम भुक्तानी गर्दा प्राबिधिक बिलमा मेशिनले काम गरेको उल्लेख गरेकोमा गौश्वरा भौचर न. २ बाट रु ९०२५९।०० मेशिनको बिल बेगर भुक्तानी गरेको देखिएकोले उक्त रकमको मेशिनको बिल भरपाई पेश हुनु पर्दछ। अन्यथा असुल गरी संघिय संचित कोषमा दाखिला गर्नु पर्ने देखिएको रु..........	९०२५९।२९
	प्रदेश सरकार बाट हस्तान्तरित कार्यक्रम	
८०.	स्थानिय सरकार संचालन ऐन २०७५को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्ष ले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने व्यवस्था छ। यस गाउपालिकामा आर्थिक बर्ष २०७५।७६ प्रदेश सरकार हस्तान्तरित कार्यक्रमदारा संचालित पोखरी मयुम पोक्लावुग गुफा पोखरी सडक स्तरन्नती योजना सत्य साही निमार्ण सेवा चैनपुरले सम्पन्न गरेको प्राबिधिक प्रतिबेदनका आधारमा रु.८५,१३,६१५।०० खर्च भुक्तानी गरेकोमा सोको गाउँ पालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनगमन तथा सुपरिबेक्षण गरी प्रतिबेदन पेश गरेको देखिएन। नगरपालिकाद्धारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भन्ने नगरपालिकासंग आधिकारिक समिक्षा तथा अनुगमन प्रतिबेदन छैन। अत यसले गर्दा नगरपालिकादारा संचालित उक्त योजना तथा बार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधिकारिक समिक्षा देखिएन। नगरपालिकाद्धारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन २०७५मा उल्लेख भएको व्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षण गरी अभिलेख प्रतिबेदन राख्नु पर्ने देखिन्छ।	
८१.	**एज विल्ट ड्ईङ्ग :**सार्वजनिका खरीद नियमावली २०६४को नियम १२५(१)मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ। यस नगरपालिका कार्यालयले सत्य शाही निमार्ण सेवासँग पोखरी मयुम पोक्लावुग गुफा पोखरी सडक स्तरन्नतीको लागी गरेको सम्झौता बमोजिम को कार्य सम्पन्न गरेमा AS Built drawing रकम भुक्तानी दिनु पर्ने यस कार्यालयले निजसग सम्झौता भएको कार्य मध्ये दुई वटा आइटमको कार्य नै सम्पन्न नगरी कार्य सम्पन्न प्रतिबेदन समेत तयार गरी AS Built drawing समेतको रु १,२०,०००।०० भुक्तानी दिएको रकम कानुन सम्मत नदेखिएकोले उक्त रकम असुल गरी प्रदेश संचिंत कोषमा दाखिला गर्नु पर्ने देखिएको रु.	१२००००.००
८२.	**मु.अ.कर दाखिला:**आर्थिक बर्ष २०७६।७७ को बजेट भाषण र अर्थ मन्त्रालयको परिपत्र अनुसार मु. अ.कर को ५० प्रतिशतले हुन आउने रकम अग्रमि कर कटटी गरी राजस्व खातामा दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ। यस नगरपालिका कार्यालयले निम्न पार्टीहरुलाई मु. अ. कर भुक्तानी दिदा अग्रीम रुपमा कट्टी गरी दाखिला गर्नु पर्ने रु ८८२८५।६८दाखिला गरेको देखिएन।	२१९०९१.००

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	अतः उक्त रकम राजस्व खातामा दाखिला गरी मु. अ.कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने रु.	

सि.न.	गो.भ. न	पार्टीको नाम		मु.अ.कर रकम	५० प्रतिशतले हुने रकम
१	७।२०७६।२।२७	सत्य साई निमार्ण सेवा चैनपुर		१,५६,९९३।३६	७८,४९६।६८
२	११।२०७६।३।२३	जोशी आईरन स्टोर		१९५७८।००	९७८९।००
३	२६५ □२०७६।२।२१	खांदवारी होम डेक्युर एण्ड सप्लायर्स	२६०७४७।००	२९९९७।००	१४९९८.००
४	२६७□२०७६।२।२३	टासी सप्लायर्स चैनपुर	१७४४१५।००	२००६५।००	१००३२.००
५	२६९□२०७६।२।२३	नुम कस्टक्सन	१२२७१८०।००	१४११८०।००	७०५९०.००
६	२८६□२०७६।३।१६	सत्यशाही निर्माण सेवा	१८९८६६।००	२४६८२।००	१२३४१.००
७	२८७□२०७६।३।१७	विनायक हाडवेयर स्टोर प्रा.लि.मोरग	४९४७७।००	५६९२।००	२८४६.००
८	२९६□२०७६।३।२०	नुम कस्टक्सन	१३५६०००।००	१५६०००।००	७८०००.००
९	३०३□२०७६।३।२५	मिनु आइरन स्टोर	२१६९९८।००	२४९६४।००	१२४८२.००
१०	३०५□२०७६।३।२५	जोशी आईरन स्टोर	१८०३४८।००	२०७४८।००	१०३७४.००
११	३०९□२०७६।३।२६	जोशी आईरन स्टोर	१२९१४७।००	१४८५७।००	७४२८.००
		जम्मा			२१९०९१.००

सामाजिक सुरक्षा भत्ता तर्फ

८३. सरकारले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग क्षेत्र र समुदायका नागरीकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक सुरक्षा प्रदान गर्न यस नगरपालिकाले आर्थिक बर्ष२०७५।७६ मा ११ वडाका २४२२ जनालाई रु ४,४२,८५,८००।०० खर्च गरेको देखिन्छ भने यस सम्बन्धमा देखिएका ब्यहोरा देहाए अनुसार रहेका छन ।

८३.१. **भत्ता बितरण :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १६(क) मा सम्बन्धित वडा कार्यालय मार्फत प्रथम किस्ता, असोज १ गतेबाट दोस्रो हप्ता भित्र, दोस्रो किस्ता माघ १ गतेबाट दोस्रो हप्ता भित्र र तेस्रो किस्ता जेठ १ गतेबाट दोस्रो हप्ता भित्र वितरण गरि सक्नु पर्ने ब्यवस्था छ । अत कार्यविधिले व्यवस्था गरे पनि कार्यालयले सामाजिक सुरक्षा रकम बितरणको लागि प्रथम किस्ता पेश्की मिति २०७५।०६।१६ दोस्रो किस्ता पेश्की मिति २०७५।१२।१४ र तेस्रो किस्ता पेश्की मिति २०७६।०३।०९ मा दिएको देखिएकोले तोकिएको समय भित्र सामाजिक सुरक्षा रकम वितरण गरेको पाइएन । नगरपालिकाले कार्यबिधिमा उल्लेख भएको समय भित्र भत्ता बितरण गर्नु पर्दछ ।

८३.२. **नाम नबिकरण:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा ७ (१) मा हाल भत्ता पाप्त गरिरहेका सबै प्रकारका लाभ ग्राहीहरुले आगामी आर्थिक बर्ष भित्र भत्ता लिन चाहेमा दफा ६(१)मा उल्लेखित समयमवधि भित्र वडा कार्यालयमा दरखास्त दिनु पर्ने यवस्था छ । यस नगरपालिका कार्यालयका उल्लेखित ब्यवस्था अनुसार दरखास्त लिई अधिकांश लाभग्राहीको नाम नबिकरण नगरि बिगत बर्षहरुमा भत्ता पाई राखेकाहरुको नामावली लाई नै नबिकरण मानी भत्ता बितरण गर्ने गरेका कारणले नगरपालिकाले अनमान गरेको अनुमानित बजेट एकिन हुन नसकी बढी बजेट अनुमान गर्ने गरको देखिन्छ अतः कार्यालयले लाभग्राहीहरुको नामावली कार्यबिधिमा उल्लेखित भएको ब्यवस्था अनुसार नबिकरण गराउनु पर्ने देखिन्छ ।

८३.३. **अभिलेख एकिन :** सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा ३(ख) मा एकल महिला भन्नाले साठी बर्ष उमेर भएका बिबाह नगरी बसेका वा सम्बन्ध बिच्छेदन गरी बसेका महिला भनी उल्लेख गरेको छ । यस नगरपालिकाको MIS अभिलेख अनुसार साठी बर्ष समेत उमेर नपुगेका र सम्बन्ध ब्च्छिेदनको प्रमाण समेत नभएका प्रथम चौमासिकमा ५२१ दोस्रो चौमासिकमा ५१० र तेस्रोमा ५१० एकल महिलालाई खर्च लेखेकोमा त्यी महिलाहरु एकल नै हुन भन्ने प्रमाणित गर्ने अभिलेख कार्यालयसँग नभएकाले यस सम्बन्धमा कार्यालयले तथ्याङ्क

<table>
<tr><th>दफा नं</th><th>भौचर, मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>एकिन गरी आगामी चालु आ.वा.को सामाीिक सुरक्षा कार्यक्रमको रकम बितरण गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८३.४.</td><td>अनुगमन नभएको: सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि २०७५ को दफा २८ मा उप प्रमुख तथा उपाध्यक्षको संयोजकमा ७ सदस्य रहेको एक अनुगमन तथा मुल्याङ्कन र प्रतिबेदन समिति रहने र उक्त समितिले समाजिक सुरक्षाभत्ता बितरणको नामदर्ता, नबिकरण, भत्ताबितरण, लाभग्राहीसंग भेटघाट तथा सुझाव संकलन र सार्वजनिक सुनाइको प्रतिबेदन अध्ययन गर्ने,सुझाव कार्यान्यन तथा गुनासो सम्बोधन भए नभएको समिक्षा गर्न,कार्यक्रम सम्बन्धमा अनियमिता भएको पाइएमा दोषी पहिचान गरी कारवाहीका लागी सफारिस गर्न र सही ब्यक्तिलाइ सही समयमा सही रकम प्रदान भए नभएको अध्ययन गरी गर्नु पर्ने बिषयमा सुझाब दिने र चौमासिक रुपमा बैठक बसी समितिले चौमासिब प्रतिबेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले समाजिक सुरक्षा वापत २४२२ जनाको रु.४,४२,८५,८००।०० बितरण गरेकोमा कार्यबिधिले उल्लेख गरे बमोजिमको ब्यवस्था गरे अनुसार अनुशरण गरेको देखिएन । अत कार्यालयले बितरण गरेको रकम सही रुपमा बितरण गरेको छ भन्ने बिश्वस्त हुन सक्ने अनुगमन प्रतिबेदन पेश गरेको देखिएन । कार्यालयले यस तर्फ ध्यानदिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८३.५.</td><td>भत्ता बितरण : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १६(क) मा सम्बन्धित वडा कार्यालय मार्फत प्रथम किस्ता, असोज १ गतेबाट दोस्रो हप्ताभित्र, दोस्रो किस्ता माघ १ गतेबाट दोस्रो हप्ताभित्र र तेस्रो किस्ता जेठ १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गरि सक्नु पर्ने ब्यवस्था छ । अत कार्यविधिले निर्देशन गरे पनि कार्यालयले वितरणको लागि २०७५।६।१६, २०७५।१२।१४, र २०७६।३।९ मा प्रथम, दोश्रो, र तेस्रो किस्ताको पेश्की लिएको देखिएकोले तोकिएको समय भित्र सामाजिक सुरक्षा रकम वितरण गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>८३.६.</td><td>बैक मार्फत भत्ता: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा २२ मा मन्त्रालयको स्वीर्कती बिना हातहातै नगद भत्ता बितरण गर्न पाईने छैन भन्ने ब्यवस्था छ । यस नगरपालिकाले मन्त्रालयको स्वीकृती बेगर बडा अध्यक्ष मार्फत वितरण गर्न निजहरुको खातामा रकम पठाई नगदै हातहातैमा ल्याप्चे सही छाप गराई भत्ता वितरण गरेको कारण सम्बन्धित ब्यक्तिले भत्ता पाएको हो भन्न सकिने आधार देखिएन । अत कार्यालयले कार्याबिधिमा भएको ब्यवस्था बमोजिम बैकमार्फत भत्ता बितरण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>८३.७.</td><td>सामाजिक सुरक्षा अर्कोले बुझेको: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १६(ख) मा भत्ता बितरण गर्दा सम्बन्धित ब्यक्तिलाई मात्र वितरण गर्नु पर्नेछ वा निजको ब्यक्तिगत नाममा बैकमा खोलिएको सामाजिक सुरक्षा बिशेष खातामा उल्लेखित म्याद भित्र जम्मा गरि दिनु पर्ने र अन्य ब्यक्तिलाई बितरण गरेको पाईएमा यसरी बितरण गर्ने र रकम बुझ्ने दुबैलाई प्रचलित कानुन बमोजिम कारवाही हुने ब्यवस्था छ । यस नगरपालिकाको निम्न बडाहरुमा अरुले भत्ता बुझ्ने गरेको देखिन्छ । अत कार्यबिधिको ब्यवस्था अनुसार भत्ता बितरण गर्नु पर्दछ ।
<table>
<tr><th>बडा न.</th><th>भत्ता पाउनेको संख्या</th><th>किस्ता</th><th>आफैले बुझ्नेको संख्या</th><th>अरुले बुझ्नेको संख्या</th></tr>
<tr><td>१</td><td>१८४</td><td>प्रथम</td><td>७८</td><td>९६</td></tr>
<tr><td></td><td>२०४</td><td>दास्रो</td><td>८९</td><td>११५</td></tr>
<tr><td>८</td><td>१५७</td><td>प्रथम</td><td>७१</td><td>८६</td></tr>
</table></td><td></td></tr>
<tr><td>८३.८.</td><td>एम.आई.एस: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १६(ख) मा लाभग्राहीको बिबरण एम.आइ. एस.मा अनिवार्य प्रबिष्टी गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिकाले एम.आइ. एस.मा प्रविष्टी नभएका र नागरिक्ता नम्बर समेत उल्लेख नभएका निम्न ब्यक्तिलाई बितरण गरेको रु १६,०००।०० असुल गरी संघिय संचित कोषमा दाखिला गर्नु पर्ने रु....
<table>
<tr><th>वडा न.</th><th>नाम थर</th><th>किस्ता</th><th>किसम</th><th>रकम</th></tr>
<tr><td>२</td><td>लिलामाया राई</td><td>प्रथम</td><td>जेष्ट</td><td>८०००।००</td></tr>
<tr><td>२</td><td>देबिमाया अधिकारी</td><td>,,</td><td>,,</td><td>८०००।००</td></tr>
<tr><td>६</td><td>बिराज रोक्का</td><td>,,</td><td>पुर्ण अपाङ्ग</td><td>५६००।००</td></tr>
<tr><td>६</td><td>राधिका डागी</td><td>,,</td><td>,,</td><td>५६००।००</td></tr>
</table></td><td>२७,६००।००</td></tr>
<tr><td>८३.९.</td><td>वडा न.६ वडा अध्यक्ष श्री नेत्र ब. डांगीका को सामाजिक सुरक्षा भत्ता प्रथम किस्ता पेश्की फ्रछ्यौट गर्दा रु.१,०४,०००।०० संचित कोष दाखिला गर्नु पर्नेमा रु.९५,२००।०० मात्र दाखिला</td><td></td></tr>
</table>

बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री चैनपुर नगरपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५/०७६		
दफा नं	**भौचर, मिति र व्यहोरा**	**बेरुजु रकम**
	गरेको देखिएकोले ८८००।०० असुल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने रु.....	८,८००।००
	सर्शत अनुदान स्वास्थ्य तर्फ	
८४.	**न्यानो झोला वितरण :** नगरपालिकाभित्र अस्पताल तथा स्वास्थ्य चौकीमा सुत्केरी भएका आमा तथा नवजात शिशुलाई न्यानो झोला वितरण गर्ने कार्यक्रम रहेकोमा यो वर्ष नगरपालिकाले रानी लक्ष्मी सप्लार्यसबाट २०७५।११।२३ मा ३०० वटा न्यानो झोला रु.९९६।६५ का दरले रु.३,००,०००।०० मा खरिद गरेकोमा स्वास्थ्य सेवा विभाग परिवार महाशाखाबाट निर्देशन गरे वमोजिमको स्पेशिफिकेशन अनुसार झोला भए नभएको प्रमाणित गरेको नदेखिदा झोला गुणस्तरीय छ भन्न सक्ने अवस्था देखिएन । साथै न्यानो झोला खरिद बर्थिङ्ग सेन्टरमा हुने अनुमानित सुत्केरी संख्याको आधारमा खरिद गर्नुपर्नेमा कार्यालयको आ.व.०७४।७५ को सुत्केरी संख्या र न्यानो झोलाको मौज्दात विवरण राखेको पाइएन । तसर्थ निर्देशिकाले तोके अनुसारको अनुमानित सुत्केरी संख्या र गुणस्तरको झोला यकिन गरी खरिद गर्नुका साथै लाभग्राहीलाई समयमै वितरण गर्नुपर्दछ । वितरण भरपाई साथ पाउनेको सम्पर्क सहितको अभिलेख राख्नुपर्दछ ।	
८५.	**औषधि खरिद एवं भण्डारण :** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधीहरुको म्याद कम्तीमा १८ महिना हुनुपर्ने उल्लेख गर्नुपर्दछ । कार्यालयले यस वर्ष नगरपालिकाले बित्तिय सामिकरणबाट रु ४९९१२४।०० चालु सशसर्तबाट रु ६,०६,७१८।०० गरी जम्मा रु.११,०५,८४२।०० को औषधी खरिद गरेकोमा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन :	
८५.१.	भण्डारमा आपूर्तिकर्ताबाट आपूर्ति भएका औषधी वा अन्य सामानको वाहिर Manufacture Date , Expiry Date, Batch no, Manufacture Companyको नाम र नेपाल सरकारबाट निशुल्क वितरणको लागि भनि वाक्यांश उल्लेख गर्नु पर्नेमा सो गरेको पाइएन ।	
८५.२.	आपूर्तिकर्ता बाट खरिद हुने औषधी तथा औषधी जन्य सामाग्रीको Expiry date स्टोर दाखिला समय सम्म कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ । तर कुनै औषधी १८ महिना भन्दा कम भएका expiry date हुने भएमा उक्त अवधिको ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेमा भण्डार निरीक्षण गर्दा कतिपय औषधीहरुको expiry date विलमा वा लिष्टमा उल्लेख भएको पाइएन । कार्यालयले खरिद भएका औषधीको म्याद चेक जाँच गरी निर्देशिका बमोजिम भण्डारण एवं दाखिला गर्नुपर्दछ ।	
८६.	नेपाल सरकाले दुर्गम हिमाली जिल्लाका कर्मचारीलाई उपलब्ध गराउदै आएका स्थानिय भत्ता पद वा तह अनुसार भुक्तानी दिनु पर्ने मा यस नगरपालिका कार्यालयले तपसिलमा उल्लेखित कर्मचारीहरुलाई पाउने भन्दा बढी भुक्तानी दिएको रु ९०००।०० असुली गरी संघिय संचितमा दाखिला गर्नु पर्ने रु.	९०००.००

सि.न	कर्मचारीको नाम	पाउनु पर्ने रकम	पाएको रकम	फरक	महिना	जम्मा
१	अप्सरा लुइटेल	२७६०	३२१०	४५०	५	२२५०
२	रेणुका रावत	२७६०	३२१०	४५०	५	२२५०
३	सुनिता कटुवाल	२७६०	३२१०	४५०	१०	४५००
	जम्मा					९०००

८७.	सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ (१) मा सार्वजनिक निकायले मालसमान निमार्ण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्वन्धि स्पेसिफिकेसन, योजना, नक्सा, डिजाइन बिशेष आवश्यकता तथा अन्य बिवरणहरु तयार गर्नु पर्ने र नियमावलीको नियम ११५मा आपुर्ति गरिएका माल समानहरु प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गराउनु पर्ने व्यवस्था छ । यस नगरपालिका कार्यालय अन्तरगत चैनपुर स्वास्थ्य केन्द्रका लागी रु.४,६३,३००।०० मा खरिद गरिएका Fully Automated haematology Analyzar र semi Bio chemistry Analyzar समान ऐन र नियमावलीमा उल्लेखित प्रक्रिया बेगर खरिद गरेको देखिन आएकोले उक्त समानहरु गुणस्तरयुक्त छन भन्ने प्रष्ट आधार देखिएन ।	
	शिक्षा तर्फ :	
८८.	**विद्यालयगत निकासा खाता :** कार्यालयले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सवै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिती स्पष्ट हुन सकेन । अत विद्यालयलाई जाने सवै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ।	
८९.	**दरबन्दी मिलान :**शिक्षक दरवन्दी शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार विद्यालयगत शिक्षकको दरवन्दी मिलान गर्नुपर्नेमा यस नगरपालिका कार्यालय सग जिल्ला शिक्षा इकाइ कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रावि. नि.मा.वि. मा.बि. मा राहात समेत गरी जम्मा २६५ जना दरवन्दी मौज्दात देखिएता पनि नगरपालिकाले विद्यालयको अवस्था, विद्यार्थीको अवस्था विद्यार्थीको संख्या यकिन गरी दरवन्दी मिलान गरेको देखिएन। अतः यसरी दरवन्दी मिलान वेगर नगरपालिकाले गरेको शिक्षकहरुको सरुवालाई विश्वसनीय छ भन्न सक्ने अवस्था र शिक्षकको तलव निकासा वास्तविक खर्च हो भनी यकिन गर्न सकिएन	
९०.	**बिधालयलाई बढी निकासा:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) र ३६(८) मा बजेट खर्च गर्दा खर्च भएको विल भरपाई सहित लेखा राख्नु पर्ने, कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। आर्थिष बर्ष २०७५।७६ मा बाणीविलास मा. बि. लाई शिक्षकको प्रथम किस्ता तलब भत्ता निकासा दिदा उक्त बिधालयलाई रु.१८,५१,५७०।०० दिनु पर्ने देखिएकोमा रु.१९,०३,४३०।०० निकासा दिएको देखिएकोले बढी हुन गएको रु.५१,८६०।०० भुक्तानी पाउने प्रमाण नदेखिएकोले उक्त रकम असुल गरी संघिय संचित कोषमा दाखिला गर्नु पर्ने रु.	५१,८६०।००
९१.	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रका विद्यालयहरुको अनुगमन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको रहने उल्लेख छ। विद्यालयहरुको प्राप्त तथ्यांक अनुसार यस गाँउपालिका क्षेत्रभित्र ५९ विद्यालय, २६५ शिक्षक र ६३६५ विद्यार्थीहरु रहेको देखियो। समग्रमा हेर्दा १ शिक्षक वरावर ३१ विद्यार्थीहरु रहे पनि इकाईगत रुपमा शिक्षक विद्यार्थी अनुपात २० भन्दा कम रहेको देखिन्छ। नगरपालिका कार्यालयले आफनो क्षेत्रभित्र बिधालयहरुको अनुगमन गरी बिधार्थी अनुसार शिक्षक दरबन्दी मिलान गरेको देखिएन। बिधार्थी शिक्षक अनुपात कम देखिएका केही उदाहरणहरु देहाय अनुसार रहेको छ।	

विद्यालय	शिक्षक संख्या	विद्यार्थी संख्या	अनुपात
सिहेश्वरी आ.वि बतासे	३	२३	७.६६
बानेश्वर आ. वि.दगांलीगाउ	१	१२	१२
हेवागाउ आ.वि कटहरे	१	११	११
जनता आ.वि मानेडाड	२	१८	९
श्री आ.बि भन्ज्याङ्गखर्क	३	२३	७.६६

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
९२.	कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं २.१५.११.७७० मा उल्लेख गरे बमोजिम बुक कर्नर व्यवस्थापन गर्न कक्षा १-५ को लागी ४,३३,९५००। कक्षा ६-१० को लागी रु.५,५२,२००।०० र कक्षा ११-१२ को लागी रु.१,३९,०००।०० गरी जम्मा रु.११,३०,७००।०० अनुदान निकासा दिएकोमा सो कार्य गरे नगरेको बारे कार्यालयले अनुगमन गरेको देखिएन। अत कार्यालयले अनुगगमन गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ।	
९३.	**पाठ्य पुस्तक खर्च** यस नगरपालिका कार्यालयले ५९ वटा बिधालयमा पाटयपुस्तक खरिदका लागी गत आ.बा.को बिधार्थी सख्याका अधारमा ७५ प्रतिशतले हुन आउने १८,४२,२०१।०० निकासा दिएकोमा ३६ वटा बिधालयलले मात्र आ.ब. २०७५।७६ को बिधार्थीको बिवरण र पुस्तक खरिदको बिल पेश गरी बाकी रकम निकासा लिएको देखिन्छ भने बाकी २३ बटा बिधालयले निकासा दिएको रु.१,६५,३७२।०० रकम बराबरको बिधार्थी बिवरण र पुस्तक खरिदको बिल समेत पेश गरेको नदेखिएकोले उक्त बांकी बिद्यालयले बिधार्थी बिवरण र बिल भरपाई प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने देखिएको रु.	१,६५,३७२।००
९४.	कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ मा भएको व्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निधारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने बयवस्था छ। यस चैनपुर नगरपालिकाले आ.वा. २०७५।७६ अनुदान दिएका निम्न विधालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए,नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन। अत बिधालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भन्ने बिश्वस्त हुने आधार देखिएन। नगरपालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको व्यवस्था बमोजिम अनुगमन गरी कार्यक्रम कार्यान्वयन गराउन तर्फ ध्यान दिनु पर्ने देखिन्छ।	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	सि.न | कार्याक्रमको नाम | बिधालयको नाम | रकम १ | लाईबेरी व्यवस्थापन | शारदा मा.बि.पाखरी. | ६,५००००।०० २ | बिज्ञान प्रयोगशाला स्थापना | सरस्वती मा. बि.मैदाने | ६,५००००।०० ३ | आई सि. टि ल्याव स्थापना | सरस्वती मा. बि.चैनपुर | ६,५००००।०० ४ | प्राबिधिक धार अनुदान | शारदा मा.बि.पाखरी. | २६,००,०००।००	
९५.	**योजना मुल्याङ्कन:** आयोजनाको नापी किताब र कार्य सम्पन्न प्रतिबेदनमा सम्पुर्ण कार्यको मुल्याङ्कन गरी भुक्तानी दिनु पर्नेमा यस नगरपालिका कार्यालयले निम्न बिधालयहरुको ४ कोठे भवन भवन निमार्णको लागी जिल्ला समन्य समितिबाट निकासा भएको रकमको प्राबिधिक मुल्याङ्कन गर्दा बिगत आर्थिक बर्षहरुमा निकासा भई खर्च भएको रकमको एकमुष्ट मुल्याङ्कन नगरी चालु आर्थिक बर्षको मात्र मुल्याङ्कन गरी भवन सम्पन्न भएको भनी भुक्तानी दिएकोमा बिगतको काम के कति भएको थियो ? हाल कति भयो र योजनाको पुर्ण बिवरण खुलेको प्राबिधिक प्रतिवेदन प्राप्त पेश नभएकोले उक्त भवन हरु सम्पन्न भएको नै हो भनि एकिन गन सकिने आधार देखिएन । सि.न | बिधालयको नाम | बिवरण | रकम १ | शारदा मा.बि. पोखरी चैनपुर | ४ कोठे भवन निमार्ण | १८,००,०००।०० २ | शारदा मा.बि. त्रिशुले चैनपुर | ४ कोठे भवन निमार्ण | २१,७३,७०२।०० | जम्मा | | ३९,७३,७०२।००	
९६.	**महिला तथा बालबालिका विकास कार्यक्रम तर्फ :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार खर्च भुक्तानी गर्दा रीत पुगे नपुगेको विलभरपाई रहे नरहेको जाँच गरि खर्च लेख्नुपर्ने उल्लेख छ । नगरपालिकाको नगरसभा बाट रु.६४,३०,०००।०० र सशर्त अनुदान रु.१२,१७,०००। सहित जम्मा रु.७६,४७,०००।०० बजेट कायम भएकोमा रु.२५,८७,०००।०० मात्र खर्च भएको छ । खर्च गर्दा प्रचलित ऐन, कानुन तथा निर्देशिकामा उल्लेखित व्यवस्थाको पालनाको अतिरीक्त लक्षित समुहमा सकारात्मक परिणाम आउने गरी गर्नुपर्दछ । नमुनाको रुपमा केही श्रेस्ताहरु छनौट गरी हेर्दा देखिएको प्रमुख व्यहोराहरु निम्नानुसार छ : ▪ लक्षित समुहका कार्यक्रमहरु सञ्चालन गर्दा सहभागीहरुलाई यातायात खर्च भुक्तानी गर्दा एकरुपता भएको पाईएन । गोश्वरा भौचर नं., मिति ९-२०७५/०९/२१ मा लैङ्गीक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम सञ्चालन गरेबापत सहभागीहरुलाई यातायात खर्च भुक्तानी दिंदा वडा नं. १,८, र ९ का लाई प्रतिदिन रु. २००। का दरले र वडा नं. १० का सहभागीलाई प्रतिदिन रु. ४००।०० का दरले भुक्तानी दिएको पाईयो । तर गो.भौ.नं. र मिति १०-२०७५/०९/२३ को महिला हिंसा मानव वेचविखन सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालनमा सहभागीहरुलाई यातायात खर्च भुक्तानी दिंदा यही वडा नं. अन्य वडा हरुका अतिरिक्त वडा नं. ८ र ९ का सहभागीलाई प्रतिदिन रु.४००। का दरले नै भुत्तानी दिएको पाईयो । यसरी एउटै वडा भित्रका सहभागीलाई फरक फरक दरमा यातायात खर्च लगायतका सुविधाहरु दिनु औचित्यपुर्ण देखिएन । यस तर्फ ध्यान दिदै एकरुपता कायम गर्नुपर्दछ । ▪ गो.भौ.नं., मिति १०-२०७५/०९/२३ लैङ्गीक हिंसा विरुद्धको २ दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन शिर्षकमा रु. १३३२६०। खर्च भएकोमा खाजा, खाना, स्टेशनरी, सवारी भाडा, सहभागी खाजा खर्च लगायतका विभीन्न खर्च शिर्षकमा खर्च भएको विल भर्पाई पेश गर्दा अभिमुखिकरण कार्यक्रममा स्रोत व्यक्ति, सहभागि संस्था र भुक्तानीको दर नखुलेकोले उक्त कार्यक्रम सञ्चालन भएको हो वा होईन भनेर एकिन साथ भन्न नसकिएकोले एकिन हुने प्रमाण पेश हुनुपर्ने रु.	१३३२६०.००
	कृषि तथा पशु विकास कार्यक्रम तर्फ (ब.उ.शि.नं. ८०१०४४०२३०४) :	
९७.	यस वर्ष कृषि तथा पशु विकास कार्यक्रम शिर्षकमा रु.१,६१,१३,०००।०० विनियोजन भएकोमा जम्मा रु.१,२५,५२,०६७।०० खर्च भएको श्रेस्ताले देखाएको छ । नगरपालिकाले अनुदान प्राप्त गर्ने लाभग्रही हरुको अभिलेख विवरण अद्यावधिक गरेको पाईएन । यो वर्ष भरी सञ्चालन भएको कार्यक्रमको अवस्था के कस्तो रहयो सोको अनुगमन प्रतिवेदन पेश तथा प्रगति समिक्षा गरेको देखिएन । यस वर्ष पशु विकास कार्यक्रम तर्फ पशुपालक कृषकहरुलाई बोकाको विउ, पाठा पाठी, बंगरको पाठा पाठी, कुखुरा लगायतका पशुपन्क्षीहरु निशुल्क वितरण, सुधारिएको गोठ निर्माण, गाई, बाखा, बंगुर तथ कुखुराको औषधि वितरण लगायतका	

<table>
<tr><th>दफा नं</th><th>भौचर, मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>कार्यक्रमहरु सञ्चालन भएको देखिएकोमा वास्तविक र अनुदान पाउन योग्य किसानहरुले नै पायो भन्ने एकिन गर्न सकिएन । तसर्थ यि विषयहरुमा सुधार हुनुपर्दछ । अनुदान वितरण बाट ति कृषकको जिवनस्तरमा कस्तो सुधार आयो, गत वर्ष र आगामी आर्थिक वर्षमा एउटै लाभग्राही दाहोरीने सम्भावनालाई मध्यनजर गर्दै अनुदान पाउने लाभग्राही हरुको अभिलेख राख्नु पर्ने देखिन्छ । वर्ष भर भएका कार्यक्रमहरुको प्रगतिबारे समिक्षा हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९८.</td><td>पशुजन्य औषधी खरिद : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस एन अर्न्तगत वनेका नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्र टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) मा उपनियम १ र १(क) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोभ्कै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । यस नगरपालिकाको पशु सेवा शाखाले पशु विकास सम्बन्धि विभीन्न शिर्षकका कार्यक्रमहरु सञ्चालन गर्दा निशुल्क वितरणका लागि पशुपंक्षीको औषधी, भ्याकसिन, सर्जिकल औजार, कृत्रिम गर्भाधारण साधन लगायतका सामानहरु खरिद गर्दा गतवर्षको बांकी मौज्दात समेत जिम्मेवारी गरी चालु आर्थिक वर्षमा आवश्यकपर्ने परिमाण लाई वार्षिक खरिद योजना बनाएर देहायका खरिद कार्यहरु एउटै प्याकेजमा खरिद गर्न सकिनेमा एउटै फर्म बाट टुक्रा टुक्रा पारी खरिद गरेको र औषधिको भण्डारण तथा वितरण व्यवस्था समेत प्रभावकारी नभएकोले निमयसंगत भएको मान्न नसकिएको रु.
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>खरिद आईटम</th><th>विल विजक</th><th>रकम रु.</th></tr>
<tr><td>४-२०७५/०८/२१</td><td>औषधी तथा सामाग्री खरिद</td><td>अनुपमा भेटेनरी औषधी पसल, ईटहरी–</td><td>२१००००.००</td></tr>
<tr><td>५-२०७५/०९/०३</td><td>औषधी तथा सामाग्री खरिद</td><td>अनुपमा भेटेनरी औषधी पसल, ईटहरी–</td><td>५००००.००</td></tr>
<tr><td>११-२०७५/१०/०२</td><td>औषधी तथा सामाग्री खरिद</td><td>अनुपमा भेटेनरी औषधी पसल, ईटहरी–</td><td>२२४९७०.००</td></tr>
<tr><td>१४-२०७५/१०/२६</td><td>औषधी तथा सामाग्री खरिद</td><td>अनुपमा भेटेनरी औषधी पसल, ईटहरी–</td><td>९०५०००.००</td></tr>
<tr><td>१५-२०७५/११/०३</td><td>औषधी तथा सामाग्री खरिद</td><td>अनुपमा भेटेनरी औषधी पसल, ईटहरी–</td><td>१३००००.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१५१९९७०.००</td></tr>
</table></td><td>१५१९९७०.००</td></tr>
<tr><td>९९.</td><td>कृषिसेवातर्फ :
गोठ सुधार कार्यक्रम : नगरपालिकाले गोठ सुधार कार्यक्रम–गाई प्याकेज अर्न्तगत कुल रकम रु.६०,००,०००।०० विनियोजन गरेकोमा रु.५८,५५,४२१।०० खर्च भएको छ । विनियोजित कुल रकम बाट १२० वटा गोठ संख्या लाई प्रति गोठ रु. ५०,०००। अनुदान दिने गरी नगरसभाबाट पारित गरेकोमा १२० वटा गोठ निर्माणमा रु.५८,५५,४२१।०० खर्च गरेको छ । खर्च खर्दा किसानहरुले निर्माण गरेको गोठको लागतमा एकरुपता भएको पाईएन । सबै किसान हरुलाई एउटै नर्म्स, ईस्टीमेट र डिजाईन अनुशारको सुधारिएको गोठ निर्माण गरी अनुदान वितरणमा एकरुपता कायम हुने गरी काम गर्नु पर्दछ । साथै सुधारिएको गोठ निर्माणमा प्रयोग भएको निर्माण समाग्रीहरुको गुणस्तमा पनि ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१००.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम: स्थानीय तहमा सुचिकृत बेरोजगार व्यत्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ । नगरपालिकामा यस वर्ष रोजगार सेवा केन्द स्थापना तथा सञ्चालन शिर्षकमा रु.५,३३,०००।०० र कामका लागि पारिश्रमिक शिर्षकमा रु.३२,००,०००।०० गरि जम्मा रु.३७,३३,०००।०० निकासा भएकोमा रु.३५,७६,७७८।०० खर्च भएको देखिन्छ ।
प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २ (ट) मा बेरोजगार व्यक्तिलाई स्थानीय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरि परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी कार्यविधिको दफा १३ (१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरु मध्येबाट निर्देशिकाको दफा २१ को उपदफा (३) बमोजिमको</td><td></td></tr>
</table>

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	प्राथमिकताक्रमका आधारमा काममा खटाउनु पर्ने व्यवस्था गरेको छ। नगरपालिकाले बेरोजगार व्यक्तिहरुको सुचिकृत गरि बेरोजगार परिचयपत्र वितरण गरेर प्राथमिकताको आधारमा मात्र कामका लागि पारिश्रमिक कार्यक्रममा सहभागि गराउनु पर्नेमा गरेको छैन। वडाको सिफारिशको आधारमा मात्र कामदारहरु छनौट गरि कार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक बेरोजगार व्यक्तिहरुले नै रोजगारी प्राप्त गरे भन्ने आधार रहदैन। कार्यक्रममा सहभागि कामदारहरुको ज्याला बैंकिङ् प्रणालीबाट भुक्तानी गर्ने अवस्था हुँदा हुदै त्येसो नगरी वडा अध्यक्षलाई वितरणको लागि नगदै दिएको पाईएकोले वितरण गरिएको रकम विश्वसनिय छ भन्न सकिएन। आयोजना सञ्चालन पुर्व स्थानीय तहले प्राविधीक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने तथा सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा गरेको प्रतिवेदन संलग्न भएको छैन। कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकृत बेरोजगार हरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर, रोजगार व्यवस्थापन सुचना प्रणालिलाई अद्यावधिक गर्दै कामका लागि पारिश्रमिक कार्यक्रमलाई विश्वसनिय तथा प्रभावकारी बनाउनु पर्दछ।	
१०१.	**आन्तरिक लेखापरीक्षणबाट औल्याईएका व्यहोरा:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(३) मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनुपर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरि वा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यस वर्ष आन्तरिक लेखापरीक्षणबाट औल्याईएको देहायको व्यहोरा फछ्यौट गरेको पाइएन। स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम तर्फ गो.भौ.नं ८, २०७६।३।२७ श्री सरस्वती मा.वि चैनपुरको भवन निर्माण कार्य मिति २०७६।३।१२ सम्ममा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा सम्झौता बमोजिमको अवधिभित्र कार्य सम्पन्न हुन नसकेको हुँदा म्याद थप गरी पाउन विद्यालयले मिति २०७६।३।२३ मा निवेदन पेश गरेकोमा कार्यालयबाट कुनै कारवाही भएको देखिदैन। खरिद सम्झौताको म्याद थप सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ ले व्यवस्था गरे बमोजिमको व्यवस्थाको परिपालना हुनु पर्ने देखिन्छ।	
१०२.	**पेश्की:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। कार्यालयले विभिन्न कर्मचारी, पदाधिकारी, निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई दिएको पेश्की रु.३,३१,६२,०००.०० आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट नभई वांकी रहेको देखियो। फछ्र्यौट गर्न वांकी रहेको पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिएको रु...............	३३१६२०००.००

क्र.स	नाम	पेश्की विवरण	रकम
१.	भरत कुमार खत्री	भ्रमण पेश्की	२००५००.००
२.	सुर्य किरण भण्डारी	भैपरी आउने चालु	२०००००.००
३.	राजन कार्की	विविध खर्च	७५०००.००
४.	चन्द्रहांग लिम्बु	कार्यालय सम्बन्धि	६६०००.००
५.	चन्द्रहांग लिम्बु	सिप विकास	६५०००.००
६.	चन्द्रहांग लिम्बु	कार्यक्रम खर्च	८९९६००.००
७.	धर्मराज आधारभुत विद्यालय		१७५००.००
८.	चैनपुर सहलगानी खानेपानी		१०००००.००
९.	पुष्पाञ्जली कन्स्ट्रक्सन	भवन निर्माण	४७८००००.००
१०.	बज्रगुरु कन्स्ट्रक्सन	सडक तथा पुल निर्माण	११०४००००.००
११.	टंक बहादुर रोक्का	सभा हल तथा वडा कार्यालय मर्मत	३५००००.००
१२.	मनमोहन स्मृति प्रतिष्ठान	विविध खर्च	१०००००.००
१३.	उमेश दाहाल	कर्मचारी पारीश्रमिक भुक्तानी	५००००.००
१४.	विनोद राई	सवारी साधन मर्मत	२५०००.००
१५.	कमल बहादुर कार्की	घरभाडा खर्च	१२५०००.००
१६.	लोक बहादर श्रेष्ठ	सामाजिक सुरक्षा भत्ता	१३३५६००.००
१७.	गणेश प्रसाद न्यौपाने	सामाजिक सुरक्षा भत्ता	१३९००००.००
१८.	बल बहादुर अधिकारी	सामाजिक सुरक्षा भत्ता	१३७४८००.००
१९.	धन बहादुर तामाङ	सामाजिक सुरक्षा भत्ता	१२३२०००.००
२०.	काली बहादुर लिम्बु	सामाजिक सुरक्षा भत्ता	५८८८००.००

बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री चैनपुर नगरपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५/०७६

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम

२१.	नेत्र बहादुर डाँगी	सामाजिक सुरक्षा भत्ता	१८१२०००.००
२२.	पदम बहादुर तामाङ	सामाजिक सुरक्षा भत्ता	१४८२८००.००
२३.	भरत खड्का	सामाजिक सुरक्षा भत्ता	८८९२००.००
२४.	टिकाराम तामाङ	सामाजिक सुरक्षा भत्ता	११७४८००.००
२५.	तेज बहादुर कटुवाल	सामाजिक सुरक्षा भत्ता	१७६२८००.००
२६.	धर्मराज चौहान	सामाजिक सुरक्षा भत्ता	१६९५६००.००
२७.	सुर्यकिरण भण्डारी	शिविर संचालन पशु	३३००००.००
	जम्मा		**३३१६२०००.००**

१०३. **वित्तीय जवाफदेहिता पालना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । नगरपालिकाको दरबन्दी बमोजिम पदपूर्ति नभएको, जिम्मेवारी बाँडफाड सहित गुणस्तर सुधारका सम्बन्धमा उपयूक्त उपायहरुको अवलम्बन नगरेको, कार्यविवरण नतोकिएको, फिल्डमा काम गर्ने प्राविधिक कर्मचारीको कामको प्रगती विवरण सहित अनुगमन नभएको, अन्तिम लेखापरीक्षणबाट औल्याएको बेरुजू फछ्र्यौटको कार्यतालिका नबनाएको, खरिद कार्यमा पूर्ण रुपमा लागत अनुमान तयार गर्ने नगरेको, जिन्सी सामानको मर्मत तथा लिलामीको कारबाही नगरेको लगायतका व्यहोरा देखिन आएकोले सोमा सुधार गरी वित्तीय जवाफदेहिताको पूर्ण पालना हुनुपर्दछ । नगरपालिकाको समग्र वित्तीय जवाफदेहिता पालनाको स्तर ग्रेड बी (B) रहेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।

१०४. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

गत वर्षको वेरुजु रकम (रु) (A)	यो वर्ष फछ्र्यौट (B)	वाँकी (C=A-B)
१५०१८००००.००	**०.००**	**१५०१८००००**

१०५. **अद्यावधिक वेरुजू स्थिति :** नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ :

गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु) (C)	यो वर्षको सं.पं बाट कायम वेरुजू (रु) (D)	यो वर्षको कायम वेरुजू (रु) (E)	बाँकी (F=C+D+E)
१५०१८००००.००	**०.००**	**६७८५३५९०.०७**	**२१८०३३५९०.०७**

उल्लेखित ऐन वमोजिम फछ्र्यौट गर्न वाँकी सम्पूर्ण वेरुजू रकम असुल फछ्र्यौट गरिनुपर्दछ ।

अनुसूची क

वडागत भैपरीबाट शंसोधन भएका आयोजना तथा कार्यक्रमहरु आ.व. २०७५/७६

क्र.स.	शीर्षक	रकमान्तर हुँदाको योजनाको नाम	रकम रु	शंसोधन एंव रकमान्तर भएको रकम	वडा नं.
१	भैपरी आउनेबाट	चैनपुर सव डिभिजन बन कार्यालय वाईरिङ ब्यबस्थापन	३००००	३००००	३
२	भैपरी आउनेबाट	बडादशैं २०७५ सालको ३ नं. वडाको सडक सरसफाई	७७५००	७७५००	३
३	भैपरी आउनेबाट	जैशीगाउँ खानेपानी योजना	२९००००	१०००००	७
४	भैपरी आउनेबाट	भण्डारी मोड चापाभैं जाने बाटो मर्मत		१०००००	७
५	भैपरी आउनेबाट	बिबिध खर्च (चालुमा)		९००००	७
६	भैपरी आउनेबाट	चैनपुर बजार क्षेत्रमा सडक बत्ति	३०००००	१०००००	६
७	भैपरी आउनेबाट	रमाईलोडाँडा खानेपानी योजना पाईप खरिद		५००००	६
८	भैपरी आउनेबाट	सरस्वतीथान खानेपानी पाईप खरिद		४००००	६
९	भैपरी आउनेबाट	बिबिध खर्च (चालुमा)		११००००	६
१०	भैपरि आउने	समाज सुधार युवा क्लब खेलमैदान स्तरोन्नतीमा थप	२०१०००	१५००००	२
११	भैपरि आउने	चिया नास्ता वडा कार्यालयमा	२०३४००	२०९१५	३
१२	भैपरी आउने	पञ्चकन्या आ.वि. फर्निचर खरिद	५५००००	२५००००	९
१३	भैपरी आउने	श्री गगनचुम्वी आ.वि. शैक्षिक सामाग्री खरिद	९५४००.००	१४७७५.००	८

१४		श्री जलकन्या आ.वि. शैक्षिक सामाग्री खरिद		१४७७५.००	८
१५		श्री वानेश्वर आ.वि. शैक्षिक सामाग्री खरिद		९८५०.००	८
१६		राउतगाउँ भजन कृतन समुह		१४७७५.००	८
१७		श्री जनता आ.वि. मानेडाँडा शैक्षिक सामाग्री खरिद		९८५०.००	८
	जम्मा		**१९०८८००**	**११८२४४०**	

अनुसूची - १

चैनपुर नगरपालिका
बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
आर्थिक वर्ष २०७५।०७६

(रु.हजारमा)

सि. नं	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिमेवार नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	संखुवासभा	चैनपुर नगरपालिकाको कार्यालय	८२	५६	६७८५३	०	०	०	८२	५६	६७८५३	९१९३	१८४८१	७०१७	०	०	३४६९१	०	३३१६२	३३१६२

अनुसूची - २

स्थानीय तह संचित कोष विवरण
आर्थिक वर्ष २०७५।७६

(रु.हजारमा)

सि.नं.	स्थानीय तह	जिल्ला	आय					व्यय				
			गतवर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय	जम्मा आय	चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात बाँकी
			१	२	३	४	५=(२+३+४)	६	७	८	९=(६+७+८)	१०=(१+५-९)
१	चैनपुर नगरपालिकाको कार्यालय	संखुवासभा	४६८१४	१५७८७७	३२१०७४	१७३५४	४९६३०५	३३४९७४	१११८१२	८१०	४४७५९६	९५५२३

अनुसूची- ३

अद्यावधिक बेरुजू स्थिति
आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

सि.नं.	स्थानीय तह	जिल्ला	गत वर्षको बाँकी	यो वर्षको फछ्र्यौट	बाँकी	यो वर्ष सं.प.बाट कायम भएको बैरुजू	यो वर्षको बेरुजू	कुल बाँकी बेरुजू
१	चैनपुर नगरपालिकाको कार्यालय	संखुवासभा	१५०१८०	०	१५०१८०	०	६७८५३	२१८०३३